# रक्षा मन्त्रालय

# परिचय र कार्यप्रगति

## (२०७४ फागुन-२०७६ माघ)



नेपाल सरकार

**रक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७६

# रक्षा मन्त्रालय

# परिचय र कार्यप्रगति

## (२०७४ फागुन–२०७६ माघ)

नेपाल सरकार

**रक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७६

सर्वाधिकार : रक्षा मन्त्रालय
मुद्रण संख्या : १००० प्रति
प्रकाशन मिति : २०७६ फागुन



## मन्तव्य

मुलुकको समग्र हित, राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षासम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन गरी राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण र संवर्द्धन गर्ने महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आएको रक्षा मन्त्रालयले आफ्नो कार्यक्षेत्रका साथै विगत दुई वर्षमा सम्पादन गरेका महत्त्वपूर्ण कार्यहरूबारे आम नागरिकहरूमा जानकारी प्रवाह गर्ने उद्देश्यले परिचय-पुस्तिका प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ । मुलुक संघीय शासन प्रणालीमा आबद्ध भएसँगै देशमा राष्ट्रिय एकता अक्षुण्ण राख्ने, नेपालीहरूबीच पारस्परिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायम गर्दै संघीय एकाइहरूबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गरी राष्ट्रिय एकता प्रवर्द्धन गर्ने कार्यमा हामी सबैले जोड दिनुपर्ने आवश्यकता छ । यस पृष्ठभूमिमा राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी मुलुकमा शान्ति-सुरक्षाको प्रभावकारी व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गर्ने तथा नेपाली सेना लगायत सबै सुरक्षा संयन्त्रलाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने विषयहरूलाई वर्तमान सरकारले प्राथमिकताका साथ अघि बढाउँदै आएको छ।

वर्तमान सरकार गठन भएको दुई वर्षको उपलक्ष्यमा प्रकाशन हुन लागेको रक्षा मन्त्रालयको परिचय पुस्तिकाले मन्त्रालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय र नेपाली सेनासँग सम्बन्धित विभिन्न पक्षमा सत्य-तथ्य जानकारी सम्प्रेषण गर्ने विश्वास लिइएको छ । यो परिचय पुस्तिकाले मन्त्रालय र अन्तर्गत निकायहरूबाट विगत दुई वर्षमा नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत सुधारका क्षेत्रमा भएका मुख्य-मुख्य उपलब्धिहरूलाई पनि समेटेको छ । यस्तो महत्त्वपूर्ण प्रकाशनमा जुट्नु हुने सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दै यो प्रकाशन मुलुकको रक्षा र सुरक्षा क्षेत्रमा जानकारी लिन चाहनु हुने सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

ईश्वर पोखरेल

मितिः २०७६ फागुन

उपप्रधानमन्त्री तथा रक्षामन्त्री



# दुई शब्द

मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको संरक्षण र संवर्द्धन जस्ता गहन जिम्मेवारी निर्वाह गर्दै मुलुकलाई शान्ति, स्थिरता र समृद्धिको दिशामा अघि बढाउन रक्षा मन्त्रालयले अहं भूमिका निर्वाह गर्दै आएको छ । साथै, राष्ट्रिय सुरक्षा नीति लगायत महत्त्वपूर्ण र संवेदनशील नीति तथा सुरक्षा सम्बन्धी रणनीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै रक्षा मन्त्रालयले राष्ट्रिय सुरक्षा प्रणालीलाई सबल र सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याई आएको छ । यसैगरी नेपाली सेनालाई राष्ट्रिय सुरक्षा, प्रतिरक्षा र विकास निर्माण लगायतका कार्यहरूमा प्रभावकारी तवरले परिचालन, निर्देशन र समन्वय गर्ने काम पनि रक्षा मन्त्रालयबाट हुँदै आएको छ । यस्तो महत्त्वपूर्ण कार्यक्षेत्र र जिम्मेवारी भएको मन्त्रालयको बारेमा सर्वसाधारण समक्ष सत्यतथ्य जानकारी सम्प्रेषण गर्ने उद्देश्यले यो परिचय पुस्तिका प्रकाशनको जमर्को गरिएको हो । आशा छ, यसबाट सर्वसाधारण सबैलाई रक्षा मन्त्रालयको ऐतिहासिक पृष्ठभूमिदेखि लिएर वर्तमानमा मन्त्रालयले गरिरहेका मुख्य कार्यहरू, मन्त्रालयको प्रमुख कार्यक्षेत्र र गतिविधि, नीति, रणनीति तथा नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयसँग सम्बन्धित महत्त्वपूर्ण पक्षमा संक्षेपमा नै भए पनि सत्य र तथ्यमूलक जानकारी हासिल गर्न सघाउ पुग्नेछ ।

प्रस्तुत परिचय पुस्तिकामा रक्षा मन्त्रालय, रा.सु.प. सचिवालय र नेपाली सेना सम्बद्ध महत्त्वपूर्ण र सान्दर्भिक सूचना तथा जानकारी समेटिएको छ। पुस्तिका प्रकाशनका क्रममा सकभर त्रुटि नहोस् भनेर विशेष ध्यान दिइएको छ तर पनि भुलवस कुनै त्रुटि रहन पुगेको भए त्यसलाई आगामी संस्करणमा सुधार गर्दै लगिनेछ ।

अन्त्यमा, पुस्तिका प्रकाशनमा संलग्न रक्षा मन्त्रालय, नेपाली सेना र राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयका सम्बन्धित सबै पदाधिकारी तथा कर्मचारीहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

रेश्मिराज पाण्डे
सचिव
रक्षा मन्त्रालय

मितिः २०७६ फागुन

# विषय सूची


**परिच्छेद एक : रक्षा मन्त्रालय** **१-१४**

१.१ पृष्ठभूमि १

१.२ कार्यक्षेत्र ३

१.३ दीर्घकालीन सोच, लक्ष्य, रणनीति तथा कार्यनीति ४

१.४ कानूनी व्यवस्था ७

१.५ संगठन संरचना र दरबन्दी विवरण ८

१.६ आ.व.२०७६/७७ को नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका रक्षा मन्त्रालय सम्बद्ध बुँदाहरू १०

१.७ रक्षा मन्त्रालयको आ.व.२०७६/७७ को बजेट र मुख्य कार्यक्रमहरू १२

**परिच्छेद दुई : विगत दुई वर्षमा सम्पादित मुख्य-मुख्य कार्यहरू** **१५-४३**

२.१ नीतिगत/कानूनी सुधार १५

२.२ भौतिक संरचना निर्माण तथा भूकम्पपछिको पुनर्निर्माण/सुधार १९

२.३ राष्ट्रिय गौरव तथा राष्ट्रिय महत्त्वका विभिन्न सडक आयोजना निर्माण २१

२.४ द्विपक्षीय सहायता आदान-प्रदान तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागिता २५

२.५ नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि २९

२.६ प्रकृति संरक्षण ३०

२.७ तालिम प्रशिक्षण ३१

२.८ अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग ३२

२.९ नेपाली सेनाबाट संचालित स्वास्थ्य सेवासुविधा तथा जनहितकारी विविध कार्य ३३

२.१० ऐतिहासिक गढी किलाहरूको संरक्षण र संवर्द्धन ३६

२.११ स्थानीय तह निर्वाचन, प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ र उपनिर्वाचन, २०७६ मा सहयोग ३७

२.१२ विविधः ३८

**परिच्छेद तीन : नेपाली सेना** **४४-६५**
३.१ पृष्ठभूमि ४४
३.२ उद्देश्य ४५
३.३ कार्यक्षेत्र ४६
३.४ संगठन संरचना ४८
३.५ कार्य विवरण ४८
३.६ जनशक्ति व्यवस्थापन ४८
३.७ तालिम ४९
३.८ फौजको तैनाथी ५०
३.९ विपद् व्यवस्थापन ५०
३.१० वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण ५२
३.११ चुरे भावर संरक्षण कार्य ५२
३.१२ सैनिक स्वास्थ्य सेवा ५३
३.१३ बृहत् कल्याणकारी कार्यक्रम ५३
३.१४ मानव अधिकार ५७
३.१५ नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य ५८
३.१६ संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्य ५९
३.१७ सैनिक कूटनैतिक सम्बन्ध ५९
३.१८ राष्ट्रिय सेवा दल ६१
३.१९ खेलकूदसम्बन्धी ६३
३.२० विकास निर्माण आयोजना ६४
**परिच्छेद चार : राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय** **६६-७२**
४.१ परिचय ६६
४.२ ऐतिहासिक पृष्ठभूमि ६७
४.३ संवैधानिक व्यवस्था ६८
४.४ संगठनात्मक संरचना र दरबन्दी ६८
४.५ राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको काम, कर्तव्य र जिम्मेवारीहरू ६९
४.६ कार्य सञ्चालन विधि ६९

४.७ सम्पादित मुख्य कार्यहरू ७०
४.८ विभिन्न कार्यदल तथा समितिमा प्रतिनिधित्व ७१
**अनुसूचीहरू : ७३-८२**
अनुसूची -१ रक्षा मन्त्रालयको संगठन संरचना ७३
अनुसूची -२ नेपाली सेनाको संगठन संरचना ७४
अनुसूची -३ राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको संगठन संरचना ७५
अनुसूची -४ रक्षा मन्त्रीहरूको विवरण ७६
अनुसूची -५ रक्षा मन्त्रालयका सचिवहरूको विवरण ८०
अनुसूची -६ रक्षा मन्त्रालय अन्तर्गतका शाखाहरूको फोन नम्बर ८२

## परिच्छेद एक

# रक्षा मन्त्रालय

## १.१. पृष्ठभूमि :

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुनेछ भनी नेपालको संविधानमा उल्लेख गरिएको छ । यिनै दायित्वहरूलाई पूरा गर्न संविधानले प्रदान गरेका अधिकारहरूको परिधिभित्र रही तथा राज्यका निर्देशक सिद्धान्तहरूबाट निर्देशित भई रक्षा मन्त्रालयले आफ्ना कार्यहरू सम्पादन गर्दै आइरहेको छ ।

वि.सं. २००७ को राजनैतिक परिवर्तनपश्चात् सेनासम्बन्धी कार्य सम्पादनको लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिएअनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो । यसको स्थापनाकालको मुख्य जिम्मेवारीका रूपमा राष्ट्रको सम्प्रभुताको संरक्षण तथा बाह्य हस्तक्षेप र बाह्य हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको थियो । स्थापनाकालदेखि नै रक्षा मन्त्रालय अन्तर्गत अत्यन्त गौरवशाली इतिहास बोकेको नेपाली सेना रहेको छ ।

रक्षा र प्रतिरक्षासम्बन्धी विषयमा विभिन्न निकायहरूबीच समन्वय गर्ने प्रशासनिक संयन्त्रको रूपमा रक्षा मन्त्रालयको स्थापना भए तापनि मुलुकमा तीन दशकभन्दा लामो समयसम्म रहेको सक्रिय राजतन्त्रात्मक शासन व्यवस्थाको समयमा सेनासम्बन्धी मूलभूत कार्यहरू जंगी अड्डा तथा राजदरबारमा रहेको प्रमुख सैनिक सचिवालयको समन्वयमा हुने गर्दथ्यो । वि. सं. २०६२/६३ को ऐतिहासिक जनआन्दोलनको सफलतासँगै वि.सं. २०६३ मा राजसंस्थाको निलम्बन र प्रमुख सैनिक सचिवालय समेत खारेज भएपछि रक्षा मन्त्रालयको भूमिका सशक्त हुन थालेको हो । वि.सं. २०७२ असोजमा संविधानसभाबाट जारी भएको नेपालको संविधानले राष्ट्रिय सुरक्षा परिषद् र नेपाली सेना सम्बन्धमा गरेको संवैधानिक व्यवस्था अनुसार हाल रक्षा मन्त्रालयले मुलुकको राष्ट्रिय सुरक्षा, प्रतिरक्षा नीति तथा रणनीतिको तर्जुमा तथा कार्यान्वयनमा अहं भूमिका निर्वाह गर्नुका साथै नेपाली सेनाको प्रशासकीय नेतृत्वदायी संयन्त्रका रूपमा समेत विभिन्न कार्यहरू गर्दै आइरहेको छ ।

राष्ट्रको सुरक्षा एवं प्रतिरक्षासम्बन्धी नीति, रणनीति तथा कानूनको तर्जुमा र तिनको कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियन्त्रण तथा निर्देशन गर्ने कर्तव्य पूरा गरी नेपाली सेनालाई देश र जनताको हितमा प्रभावकारी तवरले परिचालन गर्ने दायित्व राष्ट्रिय सुरक्षा परिषद र रक्षा मन्त्रालयको रही आएको छ। रक्षा मन्त्रालयले नेपाल सरकार (मन्त्रिपरिषद्) र नेपाली सेनाको व्यवस्थापन तहबीच संयोजनकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै नागरिक र सेनाबीचको सम्बन्धलाई प्रभावकारी बनाउने दायित्व पनि निर्वाह गर्दै आएको छ । यस मन्त्रालयले नेपाली सेनाको कानूनी, प्रशासनिक, आर्थिक तथा व्यवस्थापकीय पक्षबारे नीतिगत निर्णय, अन्तर मन्त्रालय समन्वय र सहजीकरण, सेनाका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्ने विषयहरूको प्रस्ताव गर्नुका अतिरिक्त नेपाल सरकारबाट भएका सेनासम्बन्धी निर्णयहरूको प्रभावकारी कार्यान्वयनको जिम्मेवारी पनि वहन गर्दै आइरहेको छ।

वि.सं. २०६५ मा मुलुकमा संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापना पश्चात् सेनामाथि नागरिक नियन्त्रण, सेनाको आधुनिकीकरण र पुनःसंरचना, सेना र नागरिक सम्बन्ध जस्ता विषयहरूले शासकीय प्रणालीभित्र क्रमशः प्राथमिकता पाउँदै गइरहेका छन् । परिवर्तित राजनीतिक परिदृश्यसँगै रक्षा मन्त्रालयको नेतृत्वदायी र समन्वयकारी भूमिकालाई थप गतिशील र सुदृढ बनाउँदै लगिएको छ ।

वि.सं. १८१९ मा गोरखाका राजा पृथ्वीनारायण शाहबाट ५ वटा कम्पनीहरू खडा गरी आधुनिक नेपाली सेनाको गठन प्रक्रिया शुरु भएको हो । विभिन्न ऐतिहासिक कालखण्डहरूमा नेपाली सेनाले नेपाल र नेपालीको अस्तित्व, पहिचान, राष्ट्रिय स्वाभिमान र स्वतन्त्रताको रक्षाको लागि नेपाल-अंग्रेजयुद्ध, नेपाल-भोट युद्ध, पहिलो र दोस्रो विश्वयुद्ध समेत लड्नु परेको ऐतिहासिक तथ्यहरू छन् । नेपालको एकीकरण अभियान र त्यसपछि विभिन्न कालखण्डहरूमा भएको संरचनात्मक विकास पश्चात् हाल नेपालको संघीयस्वरूप अनुसार नेपाली सेनाको संरचनामा परिवर्तन भई केन्द्रसहित देशको सबै प्रदेशमा तैनाथ रही नेपाली सेनाले राष्ट्रिय हितको संरक्षण र संवर्द्धनको लागि अहोरात्र कार्य गर्दै आएको छ । हालका दिनहरूमा नेपाली सेना मूलतः बाह्य सुरक्षा, आन्तरिक सुरक्षा, विपद् व्यवस्थापन, विकास निर्माण, प्रकृति संरक्षण, मुलुकको महत्त्वपूर्ण संरचना तथा अति विशिष्ट र विशिष्ट व्यक्तिहरूको सुरक्षा एवं संयुक्त राष्ट्रसंघको आह्वान अनुसार विभिन्न देशमा शान्ति स्थापना जस्ता विभिन्न कार्यमा संलग्न रहँदै आएको छ । राष्ट्रिय पहिचान बोकेका ठूला र रणनैतिक महत्त्वका विकास निर्माण कार्यको सञ्चालन र विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिका प्रशंसनीय रहेको छ ।

नेपालको संविधानको भाग २८, धारा २६७ मा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहने व्यवस्था उल्लेख छ । राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुने र संविधानको धारा २६६ बमोजिमको राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय बमोजिम राष्ट्रपतिबाट नेपाली सेनाको परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था छ । रक्षा मन्त्रालय र नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५ तथा सैनिक ऐन, २०६३ र सो अन्तर्गत बनेका नियमावली तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार निर्दिष्ट रहेको छ ।

## १.२. कार्य क्षेत्र :

नेपाल सरकार, मन्त्रिपरिषद्बाट वि.सं. २०७४ साल फागुनमा स्वीकृत नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार रक्षा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत समेटिएका २२ वटा विषयहरू देहाय बमोजिम रहेका छन् :-

- राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन ।
- राष्ट्रिय तथा रणनीतिक सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार= प्रणाली एवं सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन ।
- राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार ।
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय ।
- सीमाक्षेत्रसम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग ।
- नेपाली सेना गठन तथा परिचालन सम्बन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन ।
- सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन ।
- सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा ।
- सैनिक प्रतिष्ठापन (Installation) र सञ्चार तथा यातायात ।
- हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सो सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना ।

- सैनिक भण्डार ।
- सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन ।
- नेपाली सैनिक विमान सेवा ।
- सैनिक गुप्तचर विभाग ।
- सैनिक निर्माणशाला ।
- बारुदी सुरुङ निष्प्रभावीकरण सम्बन्धी नीति, कार्यान्वयन र समन्वय ।
- राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन ।
- विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग ।
- सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना ।
- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा ।
- अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग ।
- मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्धित सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।

## १.३. दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरू:

### दीर्घकालीन सोचः

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवं राष्ट्रिय मूल्य, मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र प्रवर्द्धन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकताबद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने ।

### लक्ष्य :

- नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र नेपालीहरूको हक हितको रक्षा गर्ने ।
- नेपाली जनता र नेपाल राष्ट्र, नेपालको सिमाना, भूमि, जल, प्राकृतिक र सांस्कृतिक सम्पदा, पर्यावरण, अन्तर्राष्ट्रिय व्यापार र पारवहनको सुनिश्चितता र अर्थतन्त्रको सुदृढीकरण गरी "समृद्ध नेपाल : सुखी नेपाली" को राष्ट्रिय आकांक्षा हासिल गर्ने ।

- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक प्रणालीलाई सुदृढ पार्दै राजनीतिक स्थायित्व, कानूनको शासन, मानव अधिकार, सामाजिक न्याय, मानवीय सुरक्षा र आन्तरिक सुरक्षालाई सुदृढ बनाउने ।
- नेपालको राष्ट्रिय एकताको आधारका रूपमा रहेको पारस्परिक सद्भावमा आधारित विविधता बीचको एकतालाई बलियो बनाउने ।
- विश्व समुदाय समक्ष स्वतन्त्र, लोकतान्त्रिक र शान्तिप्रिय छवि निर्माण गर्ने ।
- अन्तर्राष्ट्रिय र क्षेत्रीय शान्ति सुरक्षामा योगदान पुऱ्याउने।
- मुलुकको सुरक्षा र प्रतिरक्षा नीति, रणनीतिलाई समयानकूल तर्जुमा, कार्यान्वयन र परिमार्जन गर्ने ।
- संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्व शान्ति स्थापना कार्यमा योगदान पुऱ्याउने।

**उद्देश्य :**

- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गरी मुलुकलाई सुरक्षित तथा समुन्नत बनाउने।
- मुलुकमा शान्ति, स्थिरता कायम गर्दै मानव अधिकारको संरक्षणमा योगदान पुऱ्याउने।
- आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको संरक्षण र राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ तुल्याउने ।
- मित्र राष्ट्रहरूसित असल सम्बन्ध विकास गर्नुको साथै सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा मुलुकको योगदानलाई अभिवृद्धि गर्ने ।
- नेपाली सेना तथा रक्षा मन्त्रालयका निजामती कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी दक्ष, आधुनिक र व्यावसायिक तुल्याउने ।
- रणनैतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउने।
- नेपाली सेनालाई राज्यले सुम्पिएका जिम्मेवारीहरू पूरा गर्न सहज वातावरण तयार गर्ने ।

**रणनीतिहरू :**

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति एवं रणनीतिको तर्जुमा तथा कार्यान्वयन गरी मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई अक्षुण्ण राख्ने ।
- विकासका सबै आयाममा सुरक्षा चासोलाई सम्बोधन गर्दै सुरक्षा निकायको कार्यक्षमता अभिवृद्धि गर्ने ।
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने ।
- नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक, सूचना प्रविधि-मैत्री तथा साधन-स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने ।
- नेपाली सेनालाई सबल, सुदृढ व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने ।

**कार्यनीतिहरू :**

- मुलुकको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै राष्ट्रिय सुरक्षा नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- मुलुकको बाह्य सुरक्षा सरोकारका विषयलाई उचित सम्बोधन गर्ने गरी प्रतिरक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- मुलुकमा ठूला र रणनैतिक महत्त्वका विकास आयोजना सञ्चालन गर्दा त्यसले राष्ट्रिय सुरक्षामा पार्ने प्रभावको लेखाजोखा र विश्लेषण गर्ने प्रणालीको विकास गर्ने ।
- राष्ट्रिय गौरव र रणनैतिक महत्त्वका ठूला विकास आयोजनाको जग्गा प्राप्ति, निर्माण सञ्चालन र सुरक्षाका विषयमा समन्वयात्मक ढङ्गमा आवश्यक सुरक्षा व्यवस्था गर्ने ।
- विपद् व्यवस्थापनका विभिन्न चरणमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने गरी नेपाली सेनाको क्षमता अभिवृद्धि गर्ने ।
- राष्ट्रिय सेवा दललाई स्थानीय स्तरसम्म विस्तार गर्दै राष्ट्रप्रति समर्पित, अनुशासित र बफादार तथा राष्ट्रको सेवा गर्न तत्पर र सक्षम नागरिकको विकास गर्ने ।

- सुरक्षा बन्दोबस्तीका सामग्रीको खरिद व्यवस्थालाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाई सुरक्षा निकायलाई आवश्यक पर्ने हवाई तथा जमिनी र नाविक सुरक्षा उपकरण र सूचना प्राविधिका साधन तथा मेशिनरी आवश्यक मात्रामा उपलब्ध गराउने ।
- नेपाली सेना लगायत सुरक्षा निकायका लागि आवश्यक बन्दोबस्तीका सामग्रीको उत्पादन तथा आपूर्तिमा आत्मनिर्भर हुन त्यससम्बन्धी मौजुदा उद्योग कारखानाको सुदृढीकरण तथा क्षमता विस्तार र आवश्यकता अनुसार नयाँ उद्योग सञ्चालनमा ल्याउने ।
- सुरक्षाकर्मीको आवास एवं ब्यारेकको पुनर्निमाण तथा नवनिर्माण गरी सुरक्षित र व्यवस्थित तुल्याउने ।
- सूचना प्रविधिको उपयोग गर्दै डिजिटल सुरक्षा प्रणालीको विकास एवं विस्तार गरी नेपाली सेनाको कार्यदक्षता अभिवृद्धि गर्ने ।
- नेपाली सेना मातहतको सुरक्षासम्बन्धी सबै निकायको चल र अचल सम्पत्तिको व्यवस्थित र एकीकृत अभिलेख तयार गरी डिजिटलाइजेसन गर्ने ।
- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने ।
- नेपालसँग दौत्य सम्बन्ध कायम भएका मित्रराष्ट्रसँग सैनिक कूटनीति, सैन्य सहयोगको आदान-प्रदान तथा संयुक्त अभ्यास मार्फत नेपाली सेनाको क्षमता विकास एवं साख वृद्धि गर्ने ।
- नेपाली सेना लगायत सबै सुरक्षा निकायलाई शान्ति स्थापना कार्यमा आवश्यक पर्ने प्रशिक्षण, सुरक्षा सामग्री तथा उपकरण उपलब्ध गराउने ।
- अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपाली सुरक्षाकर्मीको सहभागिता र योगदानलाई क्रमशः विस्तार गर्दै जाने ।

## १.४ कानूनी व्यवस्था :

रक्षा मन्त्रालयले हाल मुख्यतः निम्न लिखित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अन्तर्गत रही कार्य सम्पादन गर्दै आएको छः

- नेपालको संविधान,
- राष्ट्रिय सुरक्षा नीति, २०७५

- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४
- सैनिक ऐन, २०६३
- सैनिक सेवा नियमावली, २०६९
- सैनिक प्रहरी सम्बन्धी नियमावली, २०५८
- भूतपूर्व सैनिक नियुक्ति (विशेष व्यवस्था) नियमावली, २०५९
- सैनिक अदालत नियमावली, २०६४
- सैनिक कल्याणकारी कोष नियमावली, २०६५
- सैनिक हवाई सेवा नियमावली, २०७४
- सैनिक प्राड सेवा नियमावली, २०७४
- सैनिक विविध सेवा नियमावली, २०७४
- सैनिक प्राविधिक सेवा नियमावली, २०७६
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- सुरक्षा, सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि,२०६४
- काठमाडौं- तराई/ मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन कार्यविधि, २०७४
- पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)

## १.५. सांगठनिक संरचना र दरबन्दी विवरण:

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६/१०/२० को निर्णयानुसार माननीय रक्षा मन्त्रीको मातहतमा सचिव र सचिव अन्तर्गत विभिन्न ४ चारवटा महाशाखाहरू र सो अन्तर्गत विभिन्न १० वटा शाखाहरू रहने गरी रक्षा मन्त्रालयको संगठन संरचना स्वीकृत भएको छ । महाशाखाको नेतृत्व रा.प.प्रथम श्रेणीका सहसचिवबाट हुने गरेको छ भने शाखा प्रमुखको रूपमा रा.प.द्वि. श्रेणीका उपसचिव रहने व्यवस्था रहेको छ । मन्त्रालयमा मौजुद चारवटा महाशाखाहरू र त्यस अन्तर्गतका शाखाहरू निम्न अनुसार रहेका छन्ः-

- **प्रशासन महाशाखा**
  - कर्मचारी प्रशासन शाखा
  - शासकीय सुधार तथा मानव संसाधन विकास शाखा
- **योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा**
  - योजना तथा सैनिक कल्याण शाखा
  - शान्तिसेना, समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा
  - सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा
- **कानून महाशाखा**
  - कानून तथा फैसला कार्यान्वयन शाखा
  - मानव अधिकार, अनुगमन तथा गुनासो व्यवस्थापन शाखा
- **व्यवस्थापन महाशाखा**
  - आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा
  - आर्थिक प्रशासन शाखा
  - खरिद व्यवस्थापन शाखा

मन्त्रालयमा कुल ८३ जना कर्मचारीको दरबन्दी रहेको छ । त्यसमा राजपत्राङ्कितर्फ विशिष्ट श्रेणीको सचिव १ जना, रा.प.प्रथम श्रेणीका सहसचिव ४ जना, रा.प. द्वितीय श्रेणीका उपसचिव र सो सरहका कर्मचारी ११ जना र रा.प.तृ. श्रेणीका शाखा अधिकृत वा सो सरहका कर्मचारी १६ जना रहेका छन् । राजपत्र अनंकिततर्फ विभिन्न तहका गरी २५ जना र श्रेणीविहीनतर्फ २६ जना कर्मचारीहरू रहेका छन् । मन्त्रालयको संगठन संरचना *अनुसूची -१* मा उल्लेख गरिएको छ । साथै, नेपाली सेना अन्तर्गतका विभिन्न कार्यालयहरूमा निजामती तर्फको कुल दरबन्दी ५७ जनाको रहेको छ ।

## १.६. आर्थिक वर्ष २०७६/७७ को नेपाल सरकारको "नीति तथा कार्यक्रम" र "बजेट वक्तव्य" मा समावेश भएका रक्षा मन्त्रालयसम्बन्धी बुँदाहरू :

| बुँदा नं. | नीति तथा कार्यक्रममा उल्लिखित बुँदाहरू |
|---|---|
| ५३ | • आगामी चार वर्षभित्र काठमाण्डौं-निजगढ द्रुतमार्गको निर्माण कार्य सम्पन्न गरिनेछ ।<br>• उत्तर दक्षिण लोकमार्गका कालीगण्डकी कोरिडोरको जोमसोम-कोरला खण्डलाई बाह्रै महिना सवारी साधन सञ्चालन हुने गरी स्तरोन्नति गरिनेछ ।<br>• कर्णाली-कोरिडोरको सबै खण्डको ट्र्याक खोल्ने कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ । |
| १५४ | नेपाल एकीकरणका सिलसिलामा प्रयोग भएका ऐतिहासिक गढी, किल्ला र बाटोहरू संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा एकीकरण मार्ग निर्माण गरिनेछ । |
| १५८ | भूकम्पबाट क्षतिग्रस्त बाँकी सार्वजनिक संरचनाहरूको पुनर्निर्माण आगामी दुई वर्षभित्र सम्पन्न गरिनेछ । |
| १८७ | राष्ट्रिय हितप्रति समर्पित युवा जनशक्ति विकास र परिचालनका लागि राष्ट्रिय सेवा दलको भूमिकालाई स्थानीय स्तरसम्म विस्तार गरिनेछ । |
| १९५ | • राष्ट्रिय सुरक्षा नीति कार्यन्वयन गरी राष्ट्रिय सुरक्षालाई सुदृढ बनाइनेछ ।<br>• राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्ने राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना गरिनेछ ।<br>• विपद्को पूर्व तयारी, खोज, उद्धार, राहत र पुनःस्थापनामा सबै संयन्त्रहरू परिचालन गरिनेछ । |
| १९८ | • सबै सुरक्षा निकायहरूलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ । |

| बजेट वक्तव्यमा उल्लिखित बुँदाहरू | |
|---|---|
| १२३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै पूर्वी, मध्य र पश्चिम क्षेत्रमा आयोजना कार्यालय मार्फत कार्यक्रम अघि बढाउन आवश्यक बजेट विनियोजन गरिएको छ । चुरे भावर क्षेत्रका गल्छी पहिरो नियन्त्रण तथा खोंचहरूमा जल पुनर्भरणका लागि आगामी आर्थिक वर्षमा ११६ वटा पोखरीहरू निर्माण गर्न विनियोजन गरिएको छ । |
| १३७ | नेपाल एकीकरणका सिलसिलामा प्रयोग भएका ऐतिहासिक गढी किल्ला र बाटोहरू संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| १७५ | कालीगण्डकी-कोरिडोर र कर्णाली-कोरिडोरको निर्माणलाई तीब्रता दिन आवश्यक बजेट विनियोजन गरिएको छ । |
| १७६ | डोल्पा जिल्ला सदरमुकाममा आ.व.२०७५/७६ भित्रै सडक पुर्‍याइनेछ । |
| १७८ | काठमाण्डौं-निजगढ द्रुतमार्ग निर्माण कार्यलाई तीब्रता दिन रु. १५ अर्ब १ करोड बजेट विनियोजन गरिएको छ । |
| २१० | भूकम्पबाट क्षतिग्रस्त बाँकी सार्वजनिक संरचनाहरूको पुनर्निमार्ण दुई वर्षभित्र सम्पन्न गरिनेछ । |
| २६५ | सबै सुरक्षा निकायहरूलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ । सीमा सुरक्षा एवं सीमा पार अपराध र तस्करी नियन्त्रणका लागि सुरक्षा एकाइहरूको भौतिक र प्राविधिक क्षमता विस्तार गरिनेछ । |
| २६९ | सुरक्षा निकायहरू रहेको स्थान लगायत सम्भावित स्थानमा विपद्को पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याइनेछ । विपद्को पूर्व तयारी खोज, उद्धार, राहत र पुनःस्थापनामा सबै संयन्त्रहरू तयारी अवस्थामा राखी परिचालन गरिनेछ । |
| २७१ | • राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरी राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ बनाइनेछ ।<br>• राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षा सम्बन्धी विषयहरू अध्ययन अनुसन्धान गर्न राष्ट्रिय सुरक्षा विश्वविद्यालय स्थापना गर्ने प्रक्रिया अगाडि बढाइनेछ । |
| २७२ | संघीय लोकतान्त्रिक गणतन्त्रको प्रवर्द्धन गर्दै राष्ट्रिय हितप्रति समर्पित युवा जनशक्ति विकास र परिचालनका लागि राष्ट्रिय सेवा दलको भूमिकालाई स्थानीय स्तरसम्म विस्तार गरिनेछ । |

## १.७. आर्थिक वर्ष २०७६/७७ मा रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूलाई विनियोजित बजेट, मुख्य कार्यक्रम र आयोजनाहरू:

| ब.नं.शी.उ | कार्यालय | चालु | पूँजीगत | कुल रकम रु. हजारमा |
|---|---|---|---|---|
| ३४५०००११ ३ र ४ | रक्षा मन्त्रालय | ७,४६,०० | ६,४०,०० | १३,८६,०० |
| ३४५०००१२ ३ र ४ | राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय | ४,५०,०० | २८,०० | ४,७८,०० |
| ३४५०१०११ ३ र ४ | जङ्गी अड्डा | ४०,६२,३८,०० | ७,५०,३७,०० | ४८,१२,७५,०० |
| ३४५०१०१२ ३ र ४ | सैनिक हवाई महानिर्देशनालय | ५१,५०,०० | ७,९०,०० | ५९,४०,०० |
| ३४५०१०१३ ३ र ४ | वीरेन्द्र अस्पताल | ७१,४२,०० | १,००,०० | ७२,४२,०० |
| ३४५०१०१४ ३ र ४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ८,१५,०० | ७५,०० | ८,९०,०० |
| ३४५०१०१५ ३ र ४ | राष्ट्रिय सेवा दल | ३९,७०,०० | १४,००,०० | ५३,७०,०० |
| ३४५०१०१६ ३ र ४ | अति विशिष्ट व्यक्तिहरूको सुरक्षा | १,३०,०० | - | १,३०,०० |
| | कुल | ४२,४६,४१,०० | ७,८०,७०,०० | ५०,२७,११,०० |

## रक्षा बजेट बाहेक आ.व. २०७६/७७ मा विभिन्न मन्त्रालय तथा निकायहरूबाट नेपाली सेनालाई अख्तियारी प्राप्त बजेट

| ब.न.शी.उ | कार्यालय | चालु | पूँजीगत | कुल रकम रु.हजारमा |
|---|---|---|---|---|
| ३२९०३०१२ ३ र ४ | राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (वन तथा वातावरण मन्त्रालयबाट अख्तियारी प्राप्त बजेट) | ३,१८,९१,०० | १०,६५,०० | ३,२९,५६,०० |
| ३०७०००१३ ३ र ४ | सैनिक सामग्री उत्पादन निर्देशनालय (उद्योग मन्त्रालयबाट अख्तियारी प्राप्त बजेट) | १४,२७,०० | २३,६६,०० | ३७,९३,०० |

| ब.न.शी.उ | कार्यालय | चालु | पूँजीगत | कुल रकम रु.हजारमा |
|---|---|---|---|---|
| ३३७००१०१ ३ र ४ | काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग (भौतिक पूर्वाधार तथा यातयात मन्त्रालयबाट अख्तियारी प्राप्त बजेट) | २०,२२,०० | १४,८०,५०,०० | १५,००,७२,०० |
| | विभिन्न ३ सडक कोरिडोर निर्माण [कालीगण्डकी कोरिडोर, कर्णाली कोरिडोर र बेनीघाट-आरुघाट-लार्केभञ्याङ्ग सडक] (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट अख्तियारी प्राप्त बजेट) | - | ७०,००,०० | ७०,००,०० |
| ३२९००१०४ | राष्ट्रपति चुरे-तराई मधेश संरक्षण (वन तथा वातावरण मन्त्रालयबाट अख्तियारी प्राप्त बजेट) | - | २,००,०० | २,००,०० |
| ३०१८०१४ | भूकम्पबाट क्षतिग्रस्त विभिन्न भौतिक संरचनाहरूको पुनर्निर्माण | - | ८,१५,७८ | ८,१५,७८ |
| रक्षा बजेट बाहेक विभिन्न निकायहरूबाट प्राप्त जम्मा बजेट | | ३,५३,४०,०० | १५,९४,९६,७८ | १९,४८,३६,७८ |
| रक्षा बजेट र अन्य निकायबाट प्राप्त बजेट सहित कुल बजेट | | ४५,९९,८१,०० | २३,७५,६६,७८ | ६९,७५,४७,७८ |

## चालु आ.व. २०७६/७७ मा सञ्चालन भइरहेका प्रमुख आयोजना/क्रियाकलापहरू

| क्र.सं. | आयोजना/क्रियाकलापहरू | बजेट |
|---|---|---|
| १ | काठमाण्डौं- तराई/मधेश द्रुतमार्ग सडक आयोजना | रु. १५ अर्ब ७२ लाख |
| २ | कालीगण्डकी कोरिडोर निर्माण आयोजना | रु. २५ करोड |
| ३ | कर्णाली कोरिडोर निर्माण | रु. ४० करोड |
| ४ | बेनीघाट- आरुघाट- लार्केभन्ज्याङ निर्माण | रु. ५ करोड |
| ५ | ऐतिहासिक गढी- किल्लाको संरक्षण संवर्द्धन कार्य | रु. ५ करोड |
| ६ | राष्ट्रिय सेवा दलको कार्यक्रम | रु. ५३ करोड |

| | | |
|---|---|---|
| ७ | राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना सम्बन्धी प्रारम्भिक कार्य | रु. २० करोड |
| ८ | राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन (कार्ययोजना तयारी, सचेतना अभिवृद्धि र जानकारीमूलक अन्तर्क्रिया आदि) | रु. ६४ लाख |
| ९ | बंकरदेखि ब्यारेकसम्म कार्यक्रम | रु. १० करोड |
| १० | नेपाली सेनाको क्षमता अभिवृद्धि, पूँजीगत निर्माण आदि | रू. १ अर्ब ७७ करोड |
| ११ | विपद् व्यवस्थापन क्षमता अभिवृद्धि (तालिम, उपकरण खरिद) | रु. ७ करोड ९३ लाख |
| १२ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | रु. २ करोड |

**बेरुजु फछ्र्यौट :**

आ.व. २०७५/०७६ मा रक्षा मन्त्रालय र नेपाली सेना जंगी अड्डा तर्फको समेत गरी कुल बेरुजु रु. ९,३३,४४,०५,०००।- भएकोमा सो मध्ये रु. ६,२८,७६,४८,०००।- फछ्र्यौट भई बेरुजु फछ्र्यौटको प्रगति ६७.३६% रहेको छ । लक्ष्य अनुसार बेरुजु फछ्र्यौट भएकोमा बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिका अध्यक्ष नेपाल सरकारका मुख्यसचिवबाट मिति २०७६।०७।२७ मा रक्षा मन्त्रालयका सचिवलाई धन्यवाद प्राप्त भएको । त्यसैगरी नेपाली सेना जंगी अड्डा अन्तर्गत कल्याणकारी कोष सहित समितितर्फको कुल बेरुजु रु. ७०,२०,९३,०००।- भएकोमा सो मध्ये रु. ४४,२०,६०,०००।- फछ्र्यौट भई बेरुजु फछ्र्यौटको प्रगति ६२.९६% रहेको छ।



*रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको प्रगति समीक्षा बैठक (२०७६ साउन १६)*

### परिच्छेद दुई

# विगत दुई वर्षमा सम्पादित मुख्य-मुख्य कार्यहरू

वर्तमान सरकारले कार्यभार सम्हालेपछि रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट २०७४ फागुनदेखि हालसम्म सम्पादित मुख्यमुख्य कार्य तथा प्राप्त उपलब्धिहरूलाई तल क्षेत्रगत तथा बूँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## २.१ नीतिगत / कानूनी सुधारः

- राष्ट्रिय सुरक्षा नीति, २०७३ लाई पुनरावलोकन गरी नयाँ राष्ट्रिय सुरक्षा नीति, २०७५ नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/१२/४ मा जारी भएको छ। यस नीतिको मस्यौदा तयार गर्न माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीको संयोजकत्वमा विभिन्न मन्त्रालय तथा सुरक्षा निकायका प्रतिनिधिहरू र सुरक्षा विज्ञसहितको एक उच्चस्तरीय समिति गठन भएकोमा समितिले विभिन्न चरणको छलफल तथा प्रदेशका मुख्य मन्त्री, राजनीतिकर्मी, बुद्धिजीवी लगायत विभिन्न सरोकारवालाहरूसँग अन्तर्क्रिया तथा परामर्श गरी निर्धारित समयभित्रै राष्ट्रिय सुरक्षा नीतिको मस्यौदा पेश गरेको थियो ।



*राष्ट्रिय सुरक्षा नीति परिमार्जन समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल राष्ट्रिय सुरक्षा नीति, २०७५ को मस्यौदा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू समक्ष पेश गर्नुहुँदै (२०७५ फागुन २०)*

- मानननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रिस्तरको मिति २०७६/०५/१७ को निर्णयानुसार राष्ट्रिय सुरक्षा नीति, २०७५ को कार्यान्वयन कार्ययोजनाको मस्यौदा तयार गर्न रक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय, अर्थमन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र रक्षा मन्त्रालयका वरिष्ठ प्रतिनिधिहरू सदस्य र एकजना सुरक्षा विशेषज्ञ समेत गरी नौ सदस्यीय समिति गठन भई समितिले सुरक्षाविद् तथा सम्बन्धित सरोकारवाला मन्त्रालयहरूसँग समेत विभिन्न चरणको छलफल तथा परामर्श गरी तयार गरेको कार्ययोजनालाई मिति २०७६/०९/२९ गते माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीसमक्ष पेश गरेको छ ।
- नयाँ राष्ट्रिय सुरक्षा नीति, २०७५ सँग सामञ्जस्य हुने गरी साविकको प्रतिरक्षा नीतिको मस्यौदालाई आवश्यक परिमार्जन गरी नयाँ तयार गरिएको छ ।
- संविधानको धारा २६६ को उपधारा (३) को प्रावधान बमोजिम राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन तयार गरी मिति २०७५/०८/२८ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको छ ।



*सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू २०७५ मंसिर २८ गते राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै*



*सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीसमक्ष राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुपूर्व परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यू र परिषद्का अन्य माननीय सदस्यहरू*

- नेपालको संविधान तथा मुलुकमा जारी भएका नयाँ देवानी संहिता, फौजदारी संहिताका प्रावधानहरू बमोजिम हुने गरी सैनिक ऐन, २०६३ मा तत्काल संशोधन गर्नुपर्ने विषयहरूलाई केही नेपाल ऐन संशोधन गर्ने विधेयकमा समावेश गरी पेश गरिएकोमा संघीय संसदबाट सो विधेयक पारित भई मिति २०७५/११/१९ गतेको नेपाल राजपत्रमा प्रकाशित भएको छ।
- पन्ध्रौं योजनाको आधारपत्रमा समावेश गर्नुपर्ने विषयहरूलाई समेटी रक्षा क्षेत्रको विषय क्षेत्रगत मस्यौदा तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको छ।
- नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा उल्लेख भएअनुसार रक्षा मन्त्रालयको कार्यक्षेत्रभित्र परेका विषयहरूको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
- सैनिक प्राड सेवा नियमावली, २०७४, सैनिक हवाई सेवा नियमावली, २०७४ र सैनिक विविध सेवा नियमावली, २०७४ नेपाल सरकारबाट स्वीकृत भई मिति २०७४/११/१४ गतेको नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् ।
- सैनिक सेवा (पहिलो संशोधन) नियमावली, २०७५ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भई मिति २०७५/०३/२० को नेपाल राजपत्रमा प्रकाशित भएको छ । यसबाट द्वन्द्वकालमा वीरगति प्राप्त

गरेका तथा दुर्घटनामा परेका नेपाली सेनाका सैनिकहरूलाई उचित क्षतिपूर्ति/सुविधा प्रदान गर्न कानूनी आधार तयार भएको छ।

- सैनिक सेवा (दोस्रो संशोधन) नियमावली, २०७५ र सैनिक प्राविधिक सेवा नियमावली, २०७६ नेपाल सरकारबाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन समेत भई कार्यान्वयनमा आएका छन्।
- सैनिक प्राड सेवा (पहिलो संशोधन) नियमावली, २०७६, सैनिक हवाई सेवा (पहिलो संशोधन) नियमावली, २०७६, र सैनिक विविध सेवा (पहिलो संशोधन) नियमावली, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०७६/१०/२० को नेपाल राजपत्रमा प्रकाशित प्रकाशित भएका छन्।
- नेपाली सैनिक प्रतिष्ठानमा सञ्चालन हुने अध्यापन कार्यलाई समय सापेक्ष, गुणस्तरीय एवम् प्रभावकारी बनाई शैक्षिकस्तर अभिवृद्धि गर्न मिति २०७५/०८/०९ मा "नेपाली सैनिक प्रतिष्ठान शैक्षिक अध्यापन कार्यविधि, २०७५" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।
- राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्ने विधेयकको मस्यौदा तयार गरी मिति २०७५/११/२८ गते संघीय संसदमा पेश गरिएकोमा यसैबीच नयाँ राष्ट्रिय सुरक्षा नीति, २०७५ जारी भएको सन्दर्भमा नेपाल कानून आयोगसँग समन्वय गरी एकीकृत राष्ट्रिय सुरक्षा विधेयकको मस्यौदा तयार गरिएको छ।
- शान्ति सेनामा भाग लिनजाने सकल दर्जाका सैनिकहरूको छनौटलाई थप निष्पक्ष, वस्तुनिष्ठ र पारदर्शी बनाउने सिलसिलामा मिति २०७५/०८/०२ मा नयाँ "शान्ति सेना छनौट कार्यविधि, २०७५" लाई स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट नेपाली सेनाका सकल दर्जाहरूले सेवाकालमा कम्तीमा एकपटक शान्ति सेनामा सहभागी हुन जान पाउने व्यवस्था सुनिश्चित भएको छ ।
- नेपालको संविधानमा रहेको राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी व्यवस्थालाई प्रभावकारी तवरले कार्यान्वयनमा उतार्न मौजुदा राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको पुनरावलोकन गरी नयाँ संरचना तयार गर्ने सन्दर्भमा सचिवालयको लागि नयाँ संगठनात्मक ढाँचा, दरबन्दी तेरिज र कार्यविवरण तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने चरणमा रहेको छ।
- नेपालमा हालसम्म सुरक्षा सम्बन्धी उच्च अध्ययन, अनुसन्धान प्रतिष्ठान

स्थापना हुन नसकेको कुरालाई दृष्टिगत गरी यस खाँचोलाई पूरा गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (National Defence University-NDU) स्थापना गर्ने सम्बन्धी विषयलाई नेपाल सरकारको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरी कार्य अघि बढाइएको छ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय (NDU) स्थापना तथा सञ्चालन सम्बन्धमा हालसम्म देहायका कामहरू भएका छन्-

- ☞ विस्तृत अवधारणा पत्रको मस्यौदा तयार गरिएको ।
- ☞ विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश तयार गरी मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गरिएको ।
- ☞ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०८/३० को निर्णयानुसार NDU स्थापनाको लागि बनेपा नगरपालिका वडा नं. १३ र १४ अन्तर्गत पेरुङ्गे सामुदायिक वन क्षेत्रको ७५० रोपनी जग्गा नेपाली सेनालाई उपलब्ध गराइएको ।
- ☞ विश्वविद्यालयको लागि उपयुक्त सांगठनिक संरचना तयार गर्ने कार्य भइरहेको ।

## २.२ भौतिक संरचना निर्माण तथा भूकम्पपछिको पुनर्निनिर्माण / सुधारः

- ➲ नेपाली सेना अन्तर्गत निर्माणाधीन पाँचवटा ठूला भवनहरूमध्ये जंगी अड्डा (Army Headquarters), भद्रकालीको निर्माण सम्पन्न भई २०७६ वैशाखमा सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भएको छ। सैनिक प्रहरी गण, भद्रकाली, लक्ष्मी निवास, महाराजगञ्ज र गणेश दल गण, तोपखानाको निर्माण सम्पन्न भएको छ ।



*२०७६ वैशाख १० गते जंगी अड्डाको नवनिर्मित भवनको समुद्घाटन समारोहमा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू तथा अन्य वरिष्ठ पदाधिकारीहरू*




*नेपाली सेनाद्वारा पुनर्निर्माण भएका भवनहरू २०७६ भाद्र १८ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलबाट प्रदेश नं. २ का माननीय मुख्यमन्त्री श्री लालबाबु राउतलाई हस्तान्तरण गर्दै*



*वारा र पर्सा जिल्लामा हावाहुरीबाट विस्थापित भएकाहरूका लागि नेपाली सेनाद्वारा पुनर्निर्माण भएका भवनहरू*

- वि.सं. २०७२ सालको भूकम्पका कारण नेपाली सेनाको मुख्यालय लगायत क्षति पुगेका संरचनाहरूमध्ये गत आ.व. को अन्त्यसम्म विनियोजित रकमबाट ६९७ वटा भौतिक पूर्वाधारहरूको मर्मत तथा रेट्रोफिट र ६९ वटा नयाँ भौतिक पूर्वाधारहरूको पुनर्निर्माण गरिएको छ।
- सिंहदरबार परिसरभित्र रक्षा मन्त्रालयको पाँच तल्लाको अत्याधुनिक, भवनको निर्माण कार्य करिब सम्पन्न भई आन्तरिक सजावटको कार्य सुरू भएको छ । निकट भविष्यमै उक्त भवनमा सर्ने गरी कार्य अघि बढाइएको छ ।

- मिति २०७५ चैत्र १७ गते राति आएको विनाशकारी हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका विभिन्न स्थानहरूमा क्षतिपुगेका घरहरूको पुनर्निर्माणको जिम्मा नेपाल सरकारबाट नेपाली सेनालाई प्राप्त भएकोमा ८६९ वटा घरहरू जनता आवास कार्यक्रमको डिजाइन अनुरूप सम्पूर्ण निर्माण कार्य सम्पन्न गरी मिति २०७६/०५/१५ गते घरवारविहीन सम्बन्धित जनतालाई हस्तान्तरण गरिसकिएको छ। यसबाट विनाशकारी हावाहुरीबाट घरवार विहीन हुनपुगेका नागरिकहरूलाई ठूलो राहत पुगेको छ ।
- आ.व.२०७५/७६ मा "बङ्करदेखि व्यारेक" सम्म कार्यक्रममा विनियोजित बजेटबाट विभिन्न किसिमका १६९ वटा भवनको निर्माण कार्य सम्पन्न गरिएका छन् । चालु आ.व. २०७६/७७ मा १३५ वटा संरचना निर्माण गर्ने गरी निर्माण कार्य अघि बढाइएको छ।
- सुर्खेतमा नेपाली सेनाको पश्चिम एयरबेस स्थापनाका लागि भौतिक पूर्वाधारहरू निर्माणको कार्य द्रुतगतिमा अघि बढिरहेको छ ।

## २.३ राष्ट्रिय गौरव तथा राष्ट्रिय महत्त्वका विभिन्न सडक आयोजना निर्माणः

### (क) काठमाण्डौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ गतेको निर्णयबाट नेपाली सेनालाई निर्माण व्यवस्थापनको जिम्मेवारी प्राप्त भएको ।
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७४/०४/२७ गते नेपाली सेनालाई आयोजना हस्तान्तरण भएको ।
- २०७४/०३/०८ गते नेपाल सरकार, मन्त्रिपरिषद्बाट काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना संचालन कार्यविधि, २०७४ स्वीकृत भएको । सो कार्यविधिमा पछिल्लो पटक मिति २०७५/०९/१९ मा संशोधन (दोस्रो पटक) भएको ।
- नेपाली सेनालाई आयोजना हस्तान्तरण भए पश्चात् शुरुमा एशियाली विकास बैंकद्वारा तयार पारिएको Feasibility Study & Preliminary Design Report 2008 लाई आधार मानी आयोजनाका प्रारम्भिक चरणका निर्माण कार्यहरू अगाडि बढाइएको ।

- कोरियाको Soosung Engineering & Consulting सँग द्रुतमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न मिति २०७५/०६/१६ गते सम्झौता भई २०७५ माघमा सो फर्मले अन्तिम प्रतिवेदन बुझाएकोमा सो प्रतिवेदन २०७५/१२/१४ गते नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश भएको ।
- नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६/०५/०१ गते काठमाण्डौं-तराई/मधेस द्रुतमार्ग सडक निर्माण आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (Detail Project Report: DPR) स्वीकृत भएको। स्वीकृत DPR अनुसारः-
    - द्रुतमार्ग ४ लेनको ७२.५ कि.मि. लम्बाईको हुने (साबिकमा ७६.२ कि.मि. लम्बाइ हुने भनिएको)
    - सडकको चौडाइ पहाडी क्षेत्रमा २५ मिटर र तराई क्षेत्रमा २७ मिटर हुने ।
    - द्रुतमार्गको प्रवेश बिन्दु ललितपुरको खोकनादेखि काठमाडौं, मकवानपुर हुँदै बारा जिल्लाको निजगढसम्म निर्माण हुने ।
    - Category of Road: Asian Highway Design Standard (Primary Class)
    - Level of Service: A
    - प्रस्थान विन्दुः खोकना (० कि.मि.),
    - अन्तिम विन्दुः निजगढ ७२.५ कि.मि.
    - साना तथा ठूला गरी पुलहरूको संख्याः ८७ वटा (१०.५९६ कि.मि.)
    - सुरुङ्ग मार्ग संख्याः ३ वटा- लम्बाइः ६.४१५ कि.मि.
    - यात्रा समयः १ घण्टा २ मिनट ३३ सेकेण्ड
    - Passenger Under Pass (PUP): १२ वटा
    - Vehicle Under Pass (VUP): ५ वटा
    - Passenger Over Pass (POP): १ वटा
    - Vehicle Over Pass (VOP): ४ वटा
    - Box Culverts: १३४ वटा
    - Pipe Culverts: ७ वटा
    - Interchange: खोकना, बुदुने र निजगढ

- ☞ Rest Area: २ ठाउँ- १) काठमाडौंबाट चेनेजः ३८+८००, २) निजगढबाट चेनेजः ३३+७००
- ☞ आयोजनाको कुल लागतः रु. १ खर्ब ७५ अर्ब १९ करोड ३५ लाख (मूल्य अभिवृद्धि करसहित)
- ☞ काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना राजधानी काठमाडौंलाई तराई/मधेससँग स्तरीय सडक (Asian Highway Standard Primary Class A) ले छोटो दूरीमा जोड्ने रणनीतिक महत्त्वको देशकै पहिलो द्रुतमार्ग हुने। द्रुतमार्गले छोटो दूरीमा राजधानी काठमाडौंलाई तराईसँग जोडी यात्रा तथा ढुवानी सहज बनाउँदै राष्ट्रको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने लक्ष रहेको छ । मुलुकको आर्थिक विकासमा दीर्घकालीन योगदान पुऱ्याउने यो आयोजना यौटा रूपान्तरणकारी आयोजना (Game Changer Project) को रूपमा रहेको छ ।

**<u>द्रुतमार्गको हालसम्मको प्रगति</u>**

- ☞ आयोजनाका लागि आवश्यक पर्ने कुल १५४१६ रोपनी जग्गामध्ये १४,६०५ रोपनी अधिग्रहण भई जग्गा अधिग्रहणको कार्य ९५ प्रतिशत सम्पन्न भएको ।
- ☞ रुख कटान तर्फ कुल १८,४७० वटा रूख कटान गर्नुपर्नेमा १७,४१९ वटा कटान सम्पन्न भई करिब ९४ प्रतिशत (नेपाली सेनालाई आयोजना हस्तान्तरण पश्चात् आ.व. २०७४/७५ देखि) लक्ष्य पूरा भएको ।
- ☞ तोकिएको मापदण्डअनुसार नेपाली सेना र ३० वटा स्वदेशी निर्माण व्यवसायीहरूबाट हालसम्म सडक निर्माणको ५४ कि.मि. खण्डमा अर्थवर्क कटिङ्ग फिलिङ्ग तथा रोड स्ट्रक्चर निर्माणको कार्य भइरहेको ।
- ☞ १० वटा क्याम्प निर्माण भएको ।
- ☞ द्रुतमार्ग निर्माणको इन्जिनियरिङ्ग डिजाइन तथा सुपरभिजन कार्यको लागि परामर्शदाता छनोट गर्ने क्रममा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरिएकोमा प्राप्त Expression of Interest (EoI) को मूल्याङ्कन पश्चात् ५ वटा परामर्शदाता कम्पनीहरूद्वारा Request for Proposal

(RFP) प्रस्ताव पेश भएकोमा हाल RFP मूल्यांकनको प्रक्रिया सुरु भएको ।

- ☞ सुरुङ्ग निर्माणको पहिलो प्याकेज अन्तर्गत महादेवटार सुरुङ्ग मार्गको विदेशी निर्माण व्यवसायीद्वारा निर्माण व्यवस्थापन गर्न Pre-qualification (PQ) को कार्य छिट्टै हुन गइरहेको ।
- ☞ द्रुतमार्गको सम्पूर्ण निर्माण कार्य निर्धारित समय अवधिभित्र सम्पन्न गर्न एकीकृत निर्माण योजना (पुल, सडक, कल्भर्ट, Slope Protection लगायत सम्पूर्ण कार्य) तयार गर्ने कार्य अन्तिम चरणमा रहेको । तत्पश्चात् खरिद गुरुयोजना तयार गरी निर्माण कार्यको ठेक्का व्यवस्थापन गर्ने समय कार्यतालिका प्रकाशित हुने ।

**(ख) राष्ट्रिय प्राथमिकता प्राप्त विभिन्न सडक कोरिडोर निर्माण**

- ➲ नेपाली सेनालाई जिम्मा दिइएको त्रिशुली-स्याफ्रुवेसी-रसुवागढी (मैलुङ्ग खोला-स्याफ्रुवेसी) १७ कि.मि. सडकको डबल लेनको कार्य समेत सम्पन्न गरी मिति २०७५/०२/०६ गते सडक विभागलाई हस्तान्तरण गरिएको छ।
- ➲ नेपाली सेनालाई जिम्मेवारी प्राप्त जाजरकोट-डोल्पा (दुनै) सडक (११७.७७ कि.मि.) को ट्र्याक खोल्ने कार्य सम्पन्न भई मिति २०७६/०८/२१ गते सो मार्ग सडक विभागलाई हस्तान्तरण गरिएको । यो ट्र्याक खोल्ने कार्य सम्पन्न भएसँगै डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ।




*जाजरकोट-डोल्पा (दुनै) सडकको समुद्घाटन कार्यक्रममा माननीय उपप्रधानमन्त्री श्री ईश्वर पोखरेल सहित नेपाली सेनाका वरिष्ठ अधिकारीहरू*

- नेपाली सेनाबाट कालीगण्डकी करिडोर सडक (७६ कि.मि.) मध्ये ३० कि.मि. ट्र्याक (रिडी-अर्वेनी २० कि.मि. र मालढुंगा-बलेवा १० कि.मि.) लाई १० मिटर चौडा गर्ने कार्य सम्पन्न भई मिति २०७६/०९/०१ गते सडक विभागलाई हस्तान्तरण गरिएको छ।
- कर्णाली करिडोर (कालीकोटको खुलालु-लैफुबाट शुरु भई बाजुराको टिथिचौर हुँदै हुम्लाको सल्लीसल्ला सम्मको १२३ कि.मि.) सडक अन्तर्गत हालसम्म १११ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ।
- बेनीघाट-आरुघाट-लार्के भञ्ज्याङ्ग सडक (११८ कि.मि.) को नेपाली सेनालाई जिम्मेवारी प्राप्त खण्डमध्ये हालसम्म २८ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ ।

## २.४ द्विपक्षीय सहायता आदान-प्रदान तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागिता

- मित्रराष्ट्र चीनका रक्षा मन्त्रीको निमन्त्रणामा चीनको राजधानी बेइजिङ्गमा २४-२६ अक्टोबर २०१८ मा आयोजित 8th Xiangshan Forum तथा २०-२२ अक्टोबर २०१९ मा आयोजित 9th Xiangshan Forum मा सहभागी भई अन्तर्राष्ट्रिय समुदायमाझ माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलले नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा




*चीनको बेइजिङ्गमा आयोजित 9th Xiangshan Forum मा 22 October 2019 का दिन नेपालको तर्फबाट आफ्नो मन्तव्य राख्नुहुँदै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल*



*चीनले नेपाललाई उपलब्ध गराउने सहायतासम्बन्धी सम्झौतापत्रमा बेइजिङ्गमा 20 October 2019 मा हस्ताक्षर पछि दुई देशका रक्षा मन्त्रीहरू सम्झौता पत्र आदान-प्रदान गर्दै*

शान्ति सेना खटाई अन्तर्राष्ट्रिय शान्ति स्थापनामा पुऱ्याएको योगदान र आगामी दिनमा शान्ति सेना परिचालनमा गरिनुपर्ने सुधारका विषयमा तथा साना एवं मध्यमस्तरका मुलुकका सुरक्षा सरोकारका विषयमा नेपालको धारणा प्रस्तुत गर्नुभएको छ । उक्त भ्रमणहरूको दौरान दुई पटक गरी चीनले नेपाललाई उपलब्ध गराउने ३०० मिलियन युआन (करिब ४ अर्ब ९० करोड नेपाली रुपैंया) बराबरको मानवीय सहायता तथा विपद् व्यवस्थापन सम्बन्धी सैन्य सहायता आदान-प्रदान सम्झौतामा दुई देशबीच हस्ताक्षर भएको छ । सो सहायता अन्तर्गतका सामग्रीहरू सन् २०२० को मार्च महिनाबाट नेपाललाई क्रमशः हस्तान्तरण हुने क्रममा रहेको छ।

➲ संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ UNIFIL मिसन लेबनानमा तैनाथ नेपाली शान्ति सेना गणको अपरेशन,बन्दोबस्ती लगायत विविध पक्षहरूको निरीक्षण गरी आवश्यक निर्देशन दिने सिलसिलामा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलबाट २०७५ भदौ १५ देखि १८ गतेसम्म लेबनानको औपचारिक भ्रमण सम्पन्न भएको छ। सो अवसरमा संयुक्त राष्ट्रसंघ शान्ति स्थापना मिसनका उच्च पदाधिकारीका साथै लेवनानका उच्च पदाधिकारीहरूसँग UN Peace-keeping Operation लाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो ।



*लेबनानमा शान्ति स्थापनार्थ खटिएको नेपाली शान्ति सेनाको टोलीसँग माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल*

- मित्रराष्ट्र पोल्याण्डका रक्षा मन्त्रीको निमन्त्रणामा मिति २०७५/०५/१९ गतेदेखि ऐ. २३ गतेसम्म पोल्याण्डमा आयोजना भएको 26th International Defence Industry Exhibition मा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुनुभएको थियो । उक्त अवसरमा दुई देशका रक्षा मन्त्रीहरूबीच द्विपक्षीय हितका विषयमा विभिन्न छलफल भएको थियो ।
- मिति २०७५ चैत्र १५ देखि १८ गतेसम्म संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा आयोजित United Nations Peace-keeping Ministerial Conference on Uniformed Capabilities, Performance and Protection कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलले नेपालको तर्फबाट भाग लिनुभई नेपालको अवधारणा प्रस्तुत गर्नुभएको थियो। उक्त अवसरमा माननीय उपप्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघका महासचिव श्री एन्टोनियो गुट्रेस लगायतका वरिष्ठ पदाधिकारीहरूसँग भेटघाट गर्नु भएको थियो ।




*माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल संयुक्त राष्ट्रसंघमा नेपालले विश्व शान्ति स्थापनामा पुऱ्याएको योगदानबारे प्रकाश पार्नुहुँदै*



*माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल संयुक्त राष्ट्रसंघका महासचिव श्री एन्टोनियो गुट्रेससँग शिष्टाचार भेट गर्नुहुँदै*

- संयुक्त अरब इमिरेट्सका महामहिम उपराष्ट्रपति तथा रक्षामन्त्री Shaikh Mohammad Bin Rashid Al Makroum को निमन्त्रणामा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेलले मिति २०७६ मंसिर १ गतेदेखि ५ गतेसम्म दुवईमा आयोजित "16th Session of the 2019 Edition of Dubai Airshow" मा नेपाली प्रतिनिधिमण्डलको प्रतिनिधित्व गर्दै नेपालको धारणा राख्नु भएको थियो ।
- नेपाल र भारतमा पालैपालो हुने गरेको Nepal-India Bilateral Consultative Group on Security Issues (BCGSI) को तेह्रौं बैठक १३-१४ डिसेम्बर २०१८ तदनुसार २७-२८ मंसिर २०७५ मा काठमाण्डौंमा आयोजना भएको छ। उक्त बैठकमा दुई देशबीच सुरक्षा सरोकारका विभिन्न विषयहरूमा छलफल हुनुका साथै दुई देशका सेनाहरूबीच सुरक्षा सहयोग उपकरण आदान-प्रदान तथा तालिमहरू प्रदान गर्ने विषयमा विस्तृत छलफल भई विभिन्न निर्णय तथा समझदारी भएको छ।
- मिति २०७६ कार्तिक ४ देखि ७ गतेसम्म नेपाली सेना र अमेरिकी सेनाबीच दोस्रो Land Force Talk आयोजना भई द्विपक्षीय सैनिक सहयोग आदान प्रदान तथा क्षमता अभिवृद्धि विषयमा रचनात्मक छलफल भएको छ ।

## २.५ नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धिः

- नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि अन्तर्गत लाइट हेलिकप्टर २ वटा र मिडियम हेलिकप्टर १ वटाको साथै विभिन्न उपकरणहरू खरिद कार्य सम्पन्न भएको छ।
- पूर्व सम्झौता भएअनुसार मिति २०७६/०९/०२ गते संयुक्त राज्य अमेरिकाले नेपाली सेनालाई २ वटा M28 Skytruck Aircraft अनुदानमा उपलब्ध गराएको छ। यसबाट नेपाली सेनालाई विपद् व्यवस्थापनको समयमा उद्धार तथा राहत कार्यक्रम संचालन गर्न तथा सैन्य सामग्रीहरूको ढुवानी गर्न सहज हुने भएको छ ।
- विपद् व्यवस्थापनसम्बन्धी विभिन्न आधारभूत तथा उच्च तालिम/प्रशिक्षण सम्पन्न गरिएको छ ।
- विपद् व्यवस्थापन क्षमताको विस्तार योजना अनुसार नेपाली सेनाको सबै

पृतनाहरूको उपयुक्त स्थानमा स्रोत साधन सहित विपद् व्यवस्थापनको फौजहरू तैनाथ गरिएको छ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर तथा नेपालको अन्य भागमा विमान दुर्घटना भएमा तत्काल उद्धार तथा राहत कार्यको लागि नं. १४ वाहिनी हाता (एयरपोर्ट) मा २४ (चौबीसै) घण्टा रहने गरी २०७५ वैशाखबाट ४५ जनाको उद्धार टोली तैनाथ गरिएको छ।

## २.६ प्रकृति संरक्षणः

- नेपाली सेनाबाट राष्ट्रपति चुरे संरक्षण कार्यक्रम अन्तर्गत सिराहा जिल्लास्थित कमल दह र बर्दिया जिल्लास्थित बढैया ताल तथा रूपन्देही जिल्लास्थित गजेडी ताल र कैलाली जिल्लास्थित कोइलही ताल संरक्षण, संवर्द्धन जीर्णोद्धार, व्यवस्थापन तथा नयाँ निर्माण कार्य सम्पन्न गरी क्रमशः मिति २०७५/६/१८ र मिति २०७५/६/२८ गते सम्बन्धित निकायलाई हस्तान्तरण गरिएको छ।
- "एक नागरिक एक फलफूल विरुवा" कार्यक्रमलाई समेत मध्यनजर गरी नेपाली सेनाबाट आर्थिक वर्ष २०७५/७६ र चालु आ.व.को मंसिर मसान्तसम्म चुरे क्षेत्रमा समेत गरी देशभर कुल ६ लाख संख्यामा वृक्षारोपण गरिएको छ । यसमध्ये फलफूलका बिरुवा १ लाख ३६ हजार रोपिएको छ।



*माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री एक नागरिक एक फलफूल विरूवा कार्यक्रम अन्तर्गत २०७६ असार १४ गते नेपाली सेनाको सिन्धुलीस्थित ९ नं. वाहिनी परिसरमा वृक्षारोपण गर्नुहुँदै*

- राष्ट्रिय निकुञ्जका रूपमा संरक्षित क्षेत्रको सुरक्षाको लागि तैनाथ नेपाली सेनाको फौजले आफूलाई सुम्पिएको दायित्व कुशलतासाथ निर्वाह गर्दै लगातार तीन वर्ष शून्य चोरी शिकारी वर्ष (Zero Poaching Year) का रूपमा मनाउन सफल भएको छ । राष्ट्रिय निकुञ्जको संरक्षणमा उत्कृष्ट कार्य गरेबापत नेपाली सेना पटक पटक Abraham Conservation Award बाट समेत पुरस्कृत हुँदै आएको छ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०२/१३ गतेको निर्णयानुसार राष्ट्रिय निकुञ्ज तथा पर्यावरण संरक्षणमा उल्लेखनीय कार्य गरेबापत नेपाली सेनालाई "प्रकृति संरक्षण पदक" प्रदान गर्ने निर्णय भएको छ।

## २.७ तालिम प्रशिक्षण:

- नेपाली सेनालाई समयानुकूल व्यावसायिक तथा आधुनिकीकरण गर्ने क्रममा देशभित्र सञ्चालन गरिने विभिन्न तालिमहरूलाई प्रभावकारी बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधारहरू (तालिम केन्द्र, तालिम सामग्री, तालिम इलाका, फायरिङ रेञ्ज इत्यादि) को विकास तथा विस्तार गर्ने योजनालाई निरन्तरता दिइँदै आइएको छ । नेपाली सेनाका विभिन्न शिक्षण संस्थाहरूलाई क्रमिक रूपमा क्षमता अभिवृद्धि गर्दै आत्मनिर्भर बनाई वार्षिक तालिम निर्देशिका अनुरूप सबै तहका सैनिकहरूको वृत्ति विकास तथा पेशागत ज्ञान र क्षमता अभिवृद्धिका लागि आ.व.२०७५/७६ मा आवश्यक र प्रभावकारी विभिन्न तालिमहरू सञ्चालन गरिएको थियो । स्वदेशमा सञ्चालित विभिन्न प्रकारका २,३७७ वटा तालिममा १,१३,२७७ जनाले र विदेशमा ६८७ जनाले प्रशिक्षण लिएका छन्।
- विदेशी राष्ट्रका सेना र नेपाली सेनाबीच संयुक्त रूपमा Balance Nail, Disaster Response Exercise & Exchange (DREE), Multinational Communication Interoperability Program (MCIP), Explosive Ordinance Disposal Subject Matter Expertise Exchange (SMEE), Reserve Officers' Training Corps (ROTC), Cultural Understanding and Language Proficiency (CULP), Ex-Bhala Spear (Disaster Management Ex) र House Hold Cavalry Mount Regiment (HCMR),

Training Need Assistant (TNA), Short Term Training Team (STTT) जस्ता विभिन्न अभ्यास/सेमिनारहरू सञ्चालन गरिएका छन्।

- विदेशी राष्ट्रका सेना र नेपाली सेनाबीच संयुक्त रूपमा विभिन्न मित्रराष्ट्रहरूमा सञ्चालन गरिएका Ex-Sagarmatha (Nepal/China), Ex-Cambrian Patrol (UK), Ex Cormorant Strike IX (Sri Lanka), Physical Agility, Combat Efficiency System (PACES) Competition (Pakistan) and Ex-Suryakiran (Nepal/India) अभ्यासहरूमा नेपाली सेनाले सहभागिता जनाएको छ।
- राष्ट्रिय सेवा दलबाट देशव्यापी रूपमा तालिम विस्तार गरी राष्ट्रसेवक युवा उत्पादन गर्ने उद्देश्य अनुरूप आ.व. २०७५/७६ मा ७,७०४ जनालाई राष्ट्रिय सेवा दलको तालिम दिइएको र हालसम्म ४३,६३२ युवा जनशक्ति उत्पादन भएको । साथै, राष्ट्रिय सेवा दलको कार्यालय विस्तार गर्ने योजना मुताबिक आ.व.२०७५/७६ बाट लागू हुने गरी राष्ट्रिय सेवा दल मुख्यालय- जगन्नाथदेवल (काठमाडौं), राष्ट्रिय सेवा दल पूर्वी तालिम शिक्षालय- याङ्गसिला (मोरङ्ग), राष्ट्रिय सेवा दल मध्य तालिम शिक्षालय- हात्तिखोर (नवलपरासी), राष्ट्रिय सेवा दल पश्चिम तालिम शिक्षालय- कोहलपुर (बाँके) र राष्ट्रिय सेवा दल मध्यपूर्वी तालिम शिक्षालय- महोत्तरी स्थापना भई सञ्चालनमा आएका छन्। चालु आ.व.मा ७,७०० जनालाई राष्ट्रिय सेवा दलको विभिन्न तहको तालिममा सहभागी गराउने कार्य भइरहेको छ।
- हिमाली क्षेत्रका १४ वटा जिल्ला र दक्षिणी छिमेकी राष्ट्रसँग सीमाना जोडिएका २५ वटा जिल्लाहरूका सर्वसाधारण जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाई सुरक्षाको प्रत्याभूति प्रदान गर्न, सम्भावित आपराधिक गतिविधिलाई निरुत्साहित गर्न र स्थान विशेषमा तैनाथ फौजलाई जिम्मेवारी क्षेत्रसँग परिचित गराउन अपरेसन "हिमाल दर्शन" र अपरेसन "मनसुन" सञ्चालन गरिएको ।

## २.८ अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग

- विश्व शान्तिमा योगदान पुऱ्याउने नेपाल सरकारको परराष्ट्र नीतिलाई समेत सहयोग पुग्ने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति सेनामा सहभागी गराउने तथा थप मुलुकहरूमा समेत शान्ति सेना फौजको उल्लेख्य उपस्थिति जनाई

राष्ट्रिय हितको जगेर्ना गर्ने नीतिलाई निरन्तरता दिँदै आइरहेको छ। सन् १९५८ देखि हालसम्म ४३ वटा संयुक्त राष्ट्रसंघीय मिसनहरूमा करिब १,२९,८९० (करिब १४०० महिला सैनिकसहित) नेपाली शान्ति सैनिकहरू सहभागी भइसकेका छन्। हाल विभिन्न १२ वटा मिसनहरूमा करिब ५,१०० जना (१७० महिला सैनिकसहित) शान्ति सैनिकहरू कार्यरत रहनुका साथै विश्वसनीय फौज योगदान गर्ने देशको सूचीमा नेपाल पाँचौ स्थानमा रहेको छ। शान्ति स्थापनार्थ खटिने फौजको संख्या वार्षिक रूपमा कुल नफ्रीको १० प्रतिशत पुऱ्याउने हेतुले सो संख्याको फौजको लागि आवश्यक हातहतियार तथा सैन्य सामग्रीहरूको प्रबन्ध मिलाउने कार्य भइरहेको छ।

## २.९ नेपाली सेनाबाट संचालित स्वास्थ्य सेवासुविधा तथा जनहितकारी विविध कार्य :

- सबै प्रदेशहरूमा १-१ वटा सैनिक अस्पताल निर्माण गरी सैनिक तथा गैरसैनिक सबैलाई सहज र सुलभ रूपमा स्वास्थ्योपचार सेवा उपलब्ध गराउने क्रममा प्रदेश नं. ५ को नेपालगन्जमा अपरेशन थिएटर सहितको सैनिक अस्पताल सञ्चालनमा आएको छ। प्रदेश नं.१ को इटहरीमा सैनिक अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको र प्रदेश नं. ४ को पोखरामा पूर्वाधार निर्माण कार्य भइरहेको छ ।




*नेपालगञ्जमा नयाँ सञ्चालनमा आएको सैनिक अस्पताल*

- काठमाडौंको महाकालस्थित Tri-Chandra Military Hospital (TCMH) को निर्माण कार्य पूरा भई सो भवनबाट डेण्टल, फार्मेसी सुविधा तथा Observation Room सञ्चालनमा आएको छ। फिजियोथेरापी, बाल ओपिडी, इमर्जेन्सी, प्याथोलोजी तथा रेडियोलोजी सेवा सञ्चालनमा आएको छ ।



*काठमाडौंको महाकालस्थित Tri-Chandra Military Hospital (TCMH) को नवनिर्मित भवन*

- सैनिक अस्पतालमा बिरामीको स्वास्थ्यलाई लक्षित गरी अत्यावश्यक अक्सिजन ग्यासको मागलाई सरलीकरण गर्दै लैजाने योजनाअनुरूप रिपुमर्दिनी अक्सिजन प्लाण्टबाट आ.व. २०७५/७६ मा ३१ हजार ८ सय ५८ वटा ठूलो सिलिण्डर र ८०७ वटा सानो सिलिण्डर अक्सिजन उत्पादन गरिएको छ।
- मृगौलासम्बन्धी रोग लागेका बिरामीहरूलाई उपलब्ध हुने हेमोडायलासिस सेवालाई व्यवस्थित गर्न वीरेन्द्र सैनिक अस्पताल भवनमा Hemodialysis Satellite Pharmacy सञ्चालन गरिएको छ। साथै, Critical Care लाई लक्षित गरी स्थापना गर्न लागिएको Critical Care Satellite Pharmacy सञ्चालनका लागि वीरेन्द्र अस्पतालबाट व्यवस्थापन कार्य भइरहेको छ। मिति २०७६/०९/०२ गते नेपाली सेना र काठमाडौं महानगरपालिकाबीच महानगरका स्थानीयबासीहरूले वीरेन्द्र अस्पताल, छाउनीमा हेमोडायलासीस (मृगौला उपचार) गर्न पाउनेसम्बन्धी सम्झौता भएको छ।

- आ.व.२०७५/७६ मा प्रदेश नं.२ अन्तर्गत राजविराज र प्रदेश नं.५ अन्तर्गत रूपन्देहीमा सञ्चालन गरिएको सैनिक स्वास्थ्य शिविरबाट २२,१८३ जना भूतपूर्व र बहालवाला सैनिक तथा तिनका हिताधिकारी र अन्य सर्वसाधारणले स्वास्थ्य जाँच गराई लाभान्वित भएका छन् । चालु आ.व. २०७६/७७ मा नेपाली सेना र स्वास्थ मन्त्रालयको संयुक्त आयोजनामा महोत्तरीको जलेश्वरमा मंसिर २७ गतेबाट पुस ६ गतेसम्म सञ्चालन गरिएको स्वास्थ्य शिविरबाट जम्मा ३४,१७२ बिरामीलाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइएको छ।
- आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकहरूको लागि निःशुल्क स्वास्थ्य सेवा, दुर्गम एवं विकट क्षेत्रमा लघु खानेपानी आयोजना, स्थानीय सडक निर्माण, वृक्षारोपणजस्ता जनहितका कार्यहरूद्वारा सेना र नागरिकहरू बीचको सम्बन्ध थप मजबुत बनाउने क्रममा देहायका कार्यहरू गरिएका छन्ः

**<u>आर्थिक वर्ष २०७४/७५ मा</u>**

- ११५ स्थानमा निःशुल्क स्वास्थ्य सेवा संचालन गरी १ लाख ५६ हजार ३४६ जनालाई सेवा प्रदान गरिएको।
- १५९ भन्दा बढी स्थानमा सरसफाइ कार्यक्रम संचालन गरिएको ।
- १२३ जना सैनिक जवानबाट रक्तदान गरिएको ।
- २१,८०६ जना सैनिक जवानबाट ४३६ स्थानमा श्रमदान गरिएको।
- २१ वटा ब्यारेकको उपचार केन्द्रबाट सर्पदंश उपचार सेवा प्रदान गरी ६,१८९ जनालाई सेवा पुऱ्याइएको ।

**<u>आर्थिक वर्ष २०७५/७६</u>**

- निःशुल्क स्वास्थ्य सेवा प्रदान - ८२,००९ जनालाई ।
- रक्तदान - २०२ जना सैनिक व्यक्तिहरूबाट ।
- श्रमदान - ५४,३६५ जना सैनिक व्यक्तिहरूबाट ।
- ५०८ स्थानमा भएको आगलागी नियन्त्रणमा सेना परिचालित।
- Improvised Explosive Device (IED) निष्क्रिय पार्ने काम-८८ स्थान।

- Mine Risk Education (MRE)- ५२३ स्थानहरूमा सञ्चालन तथा लाभान्वित संख्या १९,०६०।
- हवाई उद्धार - २७५ जना ।
- सर्पदंश उपचार सेवा - ३,०३६ जनालाई।

## २.१० ऐतिहासिक गढी किलाहरूको संरक्षण र संवर्द्धनः

- नेपाल एकीकरणसँग जोडिएका ऐतिहासिक गढी किल्लाहरूको पहिचान गरी पृतनाहरूबाट पहिलो चरणको गढी किल्ला सम्बन्धी विवरण प्राप्त भएको छ। विज्ञबाट जङ्गी अड्डा तहमा प्रोफाइल तयार गर्ने कार्यको लागि मिति २०७६/०७/१८ गते प्रारम्भिक सम्झौता हुनुको साथै नेपाल एकीकरण अभियान सम्बन्धी इतिहास लेखन कार्यको लागि मिति २०७६/०७/१९ गते इतिहासविद्हरूसँग सम्झौता सम्पन्न भएको छ।
- चालु आ.व.बाट ऐतिहासिक गढी किल्लाहरूको व्यवस्थित तवरले संरक्षण गर्ने कार्य शुरु भएको छ । त्यस क्रममा सिन्धुली जिल्लास्थित सिन्धुलीगढी संग्रहालय निर्माणको लागि रु. ४ करोड ५० लाख बजेट विनियोजन भई २०७६ कार्तिक २४ गते माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलबाट सो संग्रहालय निर्माण कार्यको शिलान्यास भएकोमा हाल निर्माण कार्य सुचारु रूपमा अघि बढिरहेको छ।



*माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल २०७६ कार्तिक २४ गते सिन्धुलीगढी संग्रहालय निर्माणको शिलान्यास गर्नुहुँदै*



*सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू र माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल २०७६ वैशाख ७ गते बुटवलमा आयोजित जितगढी विजय उत्सव दिवस समारोहमा ताम्रपत्र अनावरण गर्नुहुँदै*

## २.११ स्थानीय तह निर्वाचन, प्रदेश तथा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ र उपनिर्वाचन, २०७६ मा सहयोगः

- नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बमोजिम भएको स्थानीय तह निर्वाचन, २०७४ को प्रथम, दोस्रो र तेस्रो तीनवटै चरणको निर्वाचनमा नेपाली सेना परिचालन भई स्वच्छ र निष्पक्ष रूपमा चुनाव सम्पन्न गराउन अहं भूमिका निर्वाह गरेको छ। नेपाली सेनाले प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा निर्वाचनमा परिचालन भई एकीकृत सुरक्षा योजना अनुरूप प्राप्त जिम्मेवारी उत्कृष्ट ढङ्गले सम्पादन गर्दै सर्वसाधारण जनता, मतदाता र उम्मेदवार तथा निर्वाचन सम्बद्ध कर्मचारीहरूलाई पूर्ण सुरक्षाको प्रत्याभूति गराई निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याएको थियो । यसैगरी, २०७६ को मंसिर महिनामा सम्पन्न प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको उपनिर्वाचनमा नेपाली सेना परिचालन भई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित तरिकाले चुनाव सम्पन्न गर्न उल्लेख्य सहयोग पुऱ्याएको छ।

## २.१२ विविधः

- सिभिल एक्सप्लोसिभमा आत्मनिर्भर हुने योजनाअनुरूप मकवानपुरको सुनाचुरीमा Emulsion Explosive को हालको बढ्दो मागलाई मध्यनजर गरी वार्षिक २४०० मेट्रिक टन क्षमताको Emulsion Plant निर्माण सम्पन्न गरी उत्पादन सुरु गरिएको छ।
- गोलीगठ्ठा, सैनिक तथा विकास निर्माण प्रयोजनको लागि आवश्यक विष्फोटक पदार्थ, Combat Support Units लाई आवश्यक मोर्टार/ आर्टिलरी सेल लगायत सैनिक सरसामानहरू (कपडा, कम्ब्याट बुट आदि) स्वदेशमा नै उत्पादन गरी आत्मनिर्भर हुँदै जाने दीर्घकालीन योजना अनुरूप ७.६२ mm Bullet Transfer Press Machine खरिद गरिएको । ८१ मि.मि. मोर्टार तथा १२० मि.मि. मोर्टार सेल उत्पादन कार्य पुनः सुचारु भएको छ ।
- २०७६ मंसिर १५ गतेदेखि ऐ. २४ गतेसम्म काठमाण्डौंमा आयोजित १३ औं दक्षिण एशियाली खेलकूद प्रतियोगिता (13th South Asian Games-SAG) मा समावेश गरिएका २६ गेमहरूमध्ये २१ वटामा नेपाली सेनाका खेलाडीहरूले सहभागिता जनाई २३ वटा स्वर्ण पदक, ३१ वटा रजत पदक र ४९ वटा काँस्य पदक हासिल गरी देशको गौरव र प्रतिष्ठा बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।
- चीनको Wuhan शहरमा सन् २०१९ को अक्टोबरमा आयोजित 7th CISM MIilitary World Game मा नेपाली सेना सहभागी भएको । नेपालले गत वर्ष CISM को सदस्यता प्राप्त गरे पश्चात् पहिलो पटक भाग लिएको यो अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगितामा नेपाली सेनाका खेलाडी, प्रशिक्षक, चिकित्सक तथा अन्य सम्बद्ध पदाधिकारीहरू गरी जम्मा ६४ जनाले २७ मध्ये १३ वटा खेल विधामा सहभागिता जनाएका थिए । यसबाट नेपालको सैनिक क्षेत्रमा खेलकूदको विकास गर्न, सैनिक खेलाडीहरूको क्षमता अभिवृद्धि गर्न, उनीहरूलाई विश्वस्तरीय खेलसँग परिचित गराउन र भविष्यमा यस प्रकारका अन्तर्राष्ट्रिय खेलकूदको आयोजना गर्नसक्ने व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न व्यावहारिक ज्ञान तथा कौशल हासिल भएको छ ।
- वि.सं. २०७५ र २०७६ मा गरी छैटौं र सातौं प्रधान सेनापति अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता नेपालमा सफलतापूर्वक आयोजना गरिएको छ ।

- नेपाली सेना र नागरिकबीचको सम्बन्ध, संयुक्त राष्ट्र संघको विश्वशान्ति अभियानमा नेपालको योगदान एवं समसामयिक सुरक्षा सरोकारका विषयमा सम्बन्धित क्षेत्रका विज्ञ र अनुभवी कूटनीतिज्ञहरूको सहभागितामा मिति २०७६ भदौ २० र २१ गते उच्चस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।
- २०७२ सालको विनाशकारी भूकम्पको केन्द्रबिन्दु रहेको गोरखा जिल्लाको लाप्राकमा नमूना बस्ती तयार गर्ने क्रममा नेपाली सेनाद्वारा करिब नौ करोड रुपैयाँ लागत बराबरको श्रमदान गरिएको छ ।
- नेपाली सेना लगायत विभिन्न सुरक्षाकर्मीहरूलाई मानव अधिकार तथा मानवीय कानून सम्बन्धमा विभिन्न जिल्लाहरूमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०७/१८ को निर्णयानुसार नेपाली सेनाको मौजुदा रासन स्केलमा स्तरोन्नति गरी सबै दर्जाका सैनिकहरूलाई आवश्यक पर्ने न्यूनतम पोषण र क्यालोरी प्राप्त हुने व्यवस्था सुनिश्चित गरिएको छ। साथै, नेपाली सेनाका जवानहरू विपद् व्यवस्थापन, बाहिरी अभ्यास तथा विभिन्न अपरेसनहरूमा परिचालित हुँदा सुख्खा रासनका रूपमा तत्काल उपभोग गर्न मिल्ने गरी Meal Ready to Eat-MRE को व्यवस्था मिलाइएको छ। सैनिकहरूलाई साबिकमा उपलब्ध गराउँदै आएको मट्टितेल इन्धनको सट्टा ग्यास इन्धन उपलब्ध गराउने व्यवस्था गरी तुलनात्मक रूपमा स्वच्छ र प्रदूषणरहित इन्धन आपूर्ति हुने व्यवस्था मिलाइएको छ।
- माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री र रक्षा मन्त्रालयका सचिवज्यूबाट विभिन्न समयमा नेपाली सेनाका पृतना, बाहिनी, गण, गुल्म तथा पोष्टहरूको स्थलगत निरीक्षण, अनुगमन भई शान्ति सुरक्षालाई सबल र सुदृढ बनाउन तथा नेपाली सेनाको व्यावसायिक दक्षतालाई अभिवृद्धि गर्न विभिन्न निर्देशनहरू भएका छन् । विगत दुई वर्षको अवधिमा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूबाट निरीक्षण तथा अनुगमन भएका सैनिक युनिटहरू तथा सहभागिता जनाइएका मुख्य मुख्य कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छः

| क्र.सं. | मिति | अनुगमन/निरीक्षण गरेको स्थान तथा सहभागी भएको कार्यक्रमको विवरण |
|---|---|---|
| १ | २०७४/१२/०८ | काठमाण्डौ-तराई/मधेस द्रुतमार्गको निरीक्षण |
| २ | २०७५/०१/२२ | भवानीबक्स गण, मंगलसेन, अछाम सुदूर पश्चिम तालिम शिक्षालय गोराङ्गे, कैलाली |
| ३ | २०७५/०२/०६ | मैलुङ्ग-स्याफ्रुबेशी सडक निरीक्षण |
| ४ | २०७५/०२/२८ | फष्ट राइफल गण, महोत्तरी, |
| ५ | २०७५/०२/३१ | पूर्वी पृतना हे.क्वा., सुनसरी |
| ६ | २०७५/०३/२४ | मध्यपूर्वी पृतना, धारापानी, धनुषाको निरीक्षण |
| ७ | २०७५/०४/०५ | कालीशक्ति गण (ई), मोरङ्ग |
| ८ | २०७५/०६/०८ | मध्य पृतना हे.क्वा. हेटौंडा र बहुउद्देश्यीय प्लाष्टिक उद्योग भीमफेदी |
| ९ | २०७५/०७/१७ | प्रतिविद्रोह तथा जंगल वारफेयर शिक्षालय, बारा |
| १० | २०७५/०८/२५ | रुकुम पश्चिमको सेनाको ब्यारेकको निरीक्षण |
| ११ | २०७५/०८/०४ | जारकोट-डोल्पा (दुनै) सडक आयोजना |
| १२ | २०७५/०९/२७, २८ र २९ | श्रीनाथ गण, धनुषा |
| १३ | २०७५/१०/०५ | पूर्वी पृतना हे.क्वा. इटहरी |
| १४ | २०७५/१०/१५ | रणबम गण डडेल्धुरा |
| १५ | २०७५/१०/२४ | दुर्गादल गुल्म, दार्चुला |
| १६ | २०७५/१०/२८ र २९ | रा.से.द.मध्य तालिम शिक्षालय, नवलपरासी |
| १७ | २०७५/११/०५ | नं.१८ बाहिनी अड्डा, उदयपुर |
| १८ | २०७५/११/२३ | उत्तर पश्चिम पृतना हे.क्वा., सुर्खेत |
| १९ | २०७५/१२/२६ | जंगी अड्डास्थित नवनिर्मित भवनको निरीक्षण |
| २० | २०७५/१२/२७ | पशुपति प्रसाद गण, इलाम |
| २१ | २०७६/०१/१५ | पश्चिम पृतना पोखरा तथा नं.२५ बाहिनी अड्डा कञ्चनपुर |

| | | |
|---|---|---|
| २२ | २०७६/०१/२१ | बारा र पर्सा जिल्लामा क्षति भएका घरहरुको पुनर्निर्माण कार्य "जनता आवास पुननिर्माण कार्यक्रम" को शिलान्यास कार्यक्रममा सहभागिता |
| २३ | २०७६/०२/०३ | अरिदमन गण, ओखलढुङ्गा |
| २४ | २०७६/०२/१३ | सगरमाथा हिमाल सफाइ अभियान-२०७६ निरीक्षण |
| २५ | २०७६/०३/१४ | श्री नं.९ बाहिनी अड्डा सिन्धुली तथा सुनसरी पूर्वी पृतना हे. क्वा.इटहरी |
| २६ | २०७६/०४/११ | श्री नं. १ विपद् व्यवस्थापन गण, गोकर्ण राजनिकुञ्ज |
| २७ | २०७६/०५/१८ | बारा जिल्लामा जनता आवास पुनर्निमाण कार्यदलबाट स्थानीय जनतालाई गरिएको घर हस्तान्तरण तथा समापन कार्यक्रममा सहभागिता |
| २८ | २०७६/०५/२५ | ईश्वरीबक्स गुल्म डोल्पा |
| २९ | २०७६/०६/२८ | सुनाचुरी ईमल्सन प्लान्ट, भीमफेदी |
| ३० | २०७६/०६/२२ | रत्न मन्दिर र हिमागृह, कास्की, |
| ३१ | २०७६/०७/२९ | नं.२ बाहिनी अड्डा, धनकुटा |
| ३२ | २०७६/०८/१३ | काठमाण्डौं तराई/मधेस द्रुतमार्ग |
| ३३ | २०७६/०८/१८ | नं.२१ बाहिनी अड्डा, झापा |
| ३४ | २०७६/०८/२७ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आयोजना तथा नेपाली सेनाको सहकार्यमा महोत्तरी जिल्लाको जलेश्वरमा सञ्चालन गरिएको बृहत् स्वास्थ्य शिविरको उद्घाटन कार्यक्रममा सहभागिता |
| ३५ | २०७६/०९/२४ | रत्न मन्दिर र हिमा गृह, कास्की |
| ३६ | २०७६/०९/२८ | सुनाचुरी इमल्सन प्लाण्ट, मकवानपुर |
| ३७ | २०७६/१०/१०-११ | राष्ट्रिय सेवा दल मध्य पूर्वी तालिम शिक्षालय, महोत्तरीमा सिनियर डिभिजन **NCC** तालिमको निरीक्षण |
| ३८ | २०७६/११/०१ | सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालन भएको Dynamics of Insurgency in Nepal: Lessons for Sustainable Peace कार्यक्रमको समुद्घाटन कार्यक्रममा सहभागिता |







*नेपाली सेनाबाट निर्माणाधीन काठमाण्डौं-तराई/मधेश द्रुतमार्गको स्थलगत निरीक्षण/अनुगमन गर्नुहुँदै माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल, नेपाली सेनाका महारथी प्रधानसेनापति श्री पूर्णचन्द्र थापा सहित नेपाल सरकारका वरिष्ठ पदाधिकारीहरू*



मानन्नीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल २०७५ मंसिर २५ गते रुकुम पश्चिम स्थित नेपाली सेनाको ब्यारेक निरीक्षणपछि सैनिक पदाधिकारी तथा जवानहरूसँग



माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल २०७५ असार २४ गते मध्यपूर्वी पृतनाको निरीक्षणका क्रममा सैनिक पदाधिकारी तथा जवानहरूसँग




सगरमाथा हिमाल सफाइ अभियान, २०७६ का अभियन्ताहरूसँग २०७६ जेठ १३ गते माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल

## परिच्छेद तीन

# नेपाली सेना

### ३.१ पृष्ठभूमि :

नेपाली सेना नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षण र संवर्द्धनको निम्ति सरकारको विश्वसनीय र भरपर्दो संस्थाको रूपमा क्रियाशील रहँदै आएको छ । परापूर्वकालदेखि नै नेपाली सेनाले विभिन्न युद्धहरूमा वीरता र शूरताको प्रदर्शन गर्दै देशको भौगोलिक सिमाना, राष्ट्रियता र सार्वभौमसत्ताको संरक्षण र संवर्द्धन गर्दै आएको छ । प्रथम तथा द्वितीय विश्वयुद्धहरूमा समेत वीर नेपालीहरूले आफ्नो जातीय वीरताको ध्वजालाई शानका साथ फहराउनाका साथै स्वदेश तथा विदेशमा शान्ति स्थापना गर्ने कार्यमा समेत संलग्न भएको पृष्ठभूमिमा नेपालको सैनिक इतिहास अत्यन्त गौरवपूर्ण देखिन्छ। हाम्रो मातृभूमि नेपालको सन्दर्भमा प्राग्-ऐतिहासिक अथवा प्राचीनकालदेखि नै नेपाली सभ्यताको उदय र विकाससँगसँगै नेपालको सैनिक इतिहास समृद्ध रहेको पाइन्छ । वास्तवमा नेपाली सेना भन्नु नै सम्पूर्ण नेपालीहरूको एकताको एक बलियो संगठित रूप हो ।

नेपाली सेनाको इतिहास त्याग, तपस्या, बलिदान, कर्तव्यपरायणता, देशभक्ति, राष्ट्रसेवा, समर्पण आदिले भरिएको छ । देशको रक्षाको लागि होस् वा विश्व शान्तिका लागि होस्, नेपाली जवानहरू कहिल्यै पनि पछि हटेनन् । आफ्नो कर्तव्यनिष्ठतालाई तिनीहरूले ठूलो धर्म र कर्म सम्झे । नेपाली सेना रक्तरञ्जित युद्धमा मात्र नभएर आफू



*नेपाली सेनाको नवनिर्मित मुख्यालय भवन*

बसेको समाजको जनहित कार्यमा पनि त्यत्तिकै क्रियाशील भएको पाइन्छ । स्थानीय विकास कार्य, दैवी-प्रकोपद्वारा पीडित व्यक्तिहरूको उद्धार कार्यदेखि लिएर युद्धभूमिमा बहादुरीका साथ डट्नु नै नेपाली सेनाको ऐतिहासिक विशेषता र चरित्र हो ।

आधुनिक नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पालामा स्थापना भएको नेपाली सेनाले स्थापना कालदेखि नै नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता लगायत महत्त्वपूर्ण राष्ट्रिय हित र स्वार्थहरूको संरक्षण र संवर्द्धनमा अहं भूमिका खेल्दै आइरहेको छ । आम नेपाली जनताको जीवन रक्षा र नेपाली समाजमा युगौंयुगदेखि विद्यमान सामाजिक सद्भाव, एकता र सहिष्णुतालाई कायम राख्नु पनि यसको जिम्मेवारी रहेको छ । यसैगरी नेपाली सेनाले सम्पूर्ण नेपालीहरूको आधारभूत हक र हितको रक्षा गर्दै आम नेपाली जनताको सुख दुःखमा समेत सदैव साथ दिंदै नेपाल सरकारले तोकेका संवैधानिक जिम्मेवारीहरू प्रभावकारी ढङ्गले निर्वाह गर्दै आइरहेको छ।

स्वदेशभित्र मात्र होइन अन्तर्राष्ट्रिय क्षेत्रमा पनि नेपाली सेनाले उल्लेखनीय तथा उत्कृष्ट भूमिका निर्वाह गरेको छ । विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति स्थापना गर्ने विशुद्ध अन्तर्राष्ट्रिय मानवीय कार्यका लागि आफ्नो प्राणको आहुति दिंदै नेपाली सेनाका कन्टिन्जेन्ट, स्टाफ तथा पर्यवेक्षकहरू तैनाथ भई अत्यन्त विषम परिस्थितिमा पनि द्वन्द्वबाट पीडित असहाय स्थानीय जनताहरूलाई सुरक्षा, सहयोग र सद्भाव प्रदान गर्दै नेपालको प्रतिष्ठा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवर्द्धन गर्न समेत नेपाली सैनिकहरूले टेवा पुऱ्याउँदै आइरहेका छन् ।

नेपाली सेनालाई समयानुकूल सबल र सुदृढ तुल्याई यस संगठनभित्र आबद्ध सम्पूर्ण सैनिक जनशक्तिको मनोबल उच्च बनाउँदै राष्ट्रसेवामा अझ बढी उत्प्रेरित भई काम गर्ने वातावरण निर्माण गर्न रक्षा मन्त्रालयले विशेष जोड दिंदै आएको छ ।

## ३.२ उद्देश्य :

नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय एकता लगायत संविधानद्वारा निर्दिष्ट महत्त्वपूर्ण राष्ट्रिय हितहरू विरुद्ध उत्पन्न हुनसक्ने आन्तरिक तथा बाह्य सुरक्षा खतरा तथा चुनौतीहरूको सामना गर्दै नेपाल सरकारद्वारा सुम्पिएका जिम्मेवारीहरू प्रभावकारी रूपमा सम्पन्न गर्न नेपाली सेनालाई थप संगठित, सुदृढ, सबल र समावेशी बनाउँदै नेपालको राष्ट्रिय सुरक्षा तथा स्थिरताको पहरेदार संस्थाको रूपमा विकास गर्दै लैजाने।

## ३.३ कार्यक्षेत्र :

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगालिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा नेपाली सेनाको सर्वोपरि कार्य हो ।बदलिँदो सुरक्षा वातावरणमा नेपालका महत्त्वपूर्ण राष्ट्रिय हितहरूको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा नेपाली सेनाको महत्त्वपूर्ण भूमिका रहेको छ । राज्यको एक महत्त्वपूर्ण तथा अन्तिम शक्ति संयन्त्रको रूपमा नेपाली सेनाले बढ्दो सुरक्षा चुनौतीबीच राष्ट्रका अन्य सुरक्षा संयन्त्रहरूसँगको सहकार्यमा मुलुकभित्र शान्ति, स्थिरता, अमन चयन र सुशासन तथा सामाजिक ऐक्यबद्धता कायम राख्ने नेपाल सरकारको प्रयासमा प्रशंसनीय भूमिका निर्वाह गर्दै आइरहेको छ ।

राष्ट्रिय सेनाको रूपमा नेपाली सेनाको संवैधानिक भूमिका तथा जिम्मेवारीहरू स्पष्ट छन् । यसको अतिरिक्त आम नेपाली जनताको चाहना, अपेक्षा र सद्भाव नेपाली सेनालाई सदैव कर्तव्यपथमा अडिग राख्ने महत्त्वपूर्ण आधारहरू हुन् । राज्यका आवश्यकता र सुरक्षा चुनौतीहरू बहुआयामिक र जटिल छन् । यस्तो परिस्थितिमा नेपाली सेनाले आफ्नो क्षमताको निरन्तर विकास गर्दै नेपाली सेना सहभागी हुने हरेक काम कारवाहीहरूमा प्रभावकारिता र दक्षता अभिवृद्धि गर्दै सरकार र जनताको सदैव विश्वास आर्जन गर्न प्रयत्नशील छ ।

नेपालको संविधानको भाग २८ मा राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था अन्तर्गत धारा २६७ मा नेपाली सेनाको बारेमा निम्नानुसार उल्लेख गरिएको छ :-

(१) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि यस संविधानप्रति प्रतिबद्ध समावेशी नेपाली सेनाको एक संगठन रहनेछ ।

(२) राष्ट्रपति नेपाली सेनाको परमाधिपति हुनेछ।

(३) नेपाली सेनामा महिला, दलित, आदिवासी, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग तथा पिछडिएको क्षेत्रका नागरिकको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा संघीय कानून बमोजिम सुनिश्चित गरिनेछ ।

(४) नेपाल सरकारले नेपाली सेनालाई संघीय कानूनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ ।

**प्रचलित कानून अनुसार नेपाली सेनाको कार्यक्षेत्र देहायबमोजिम रहेको छ :-**

(क) नेपाली सेनाको प्रमुख कार्य नेपालको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डतालाई बाह्य घुसपैठ र आक्रमणबाट सुरक्षा गर्ने, सीमा सुरक्षाका लागि तत्पर रहने हुनेछ । राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती उत्पन्न भएको अवस्थामा त्यसको सामना गर्न नेपाली सेनाको प्रमुख सुरक्षा भूमिका हुनेछ ।

(ख) युद्ध बाहेक क्रियाशील हुनुपर्ने परिस्थिति अन्तर्गतः-

(१) स्थानीय प्रशासनको नियन्त्रणभन्दा बाहिरको परिस्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षा कायम गर्न सहयोग गर्ने ।

(२) प्रशासनिक नियन्त्रण बाहिर हिंसात्मक, विध्वंसात्मक तथा आतंककारी कार्यहरू भएमा निस्तेज गर्ने ।

(३) गैरकानूनी सशस्त्र गतिविधि निस्तेज गर्ने ।

(४) आवश्यकताअनुसार महत्त्वपूर्ण र संवेदनशील स्थानहरूको सुरक्षा गर्ने।

(५) प्राकृतिक, मानव सिर्जित तथा प्रविधिजन्य विपद्मा उद्धार कार्य गर्ने ।

(६) विकास निर्माणका कार्यहरूमा सहयोग पुर्‍याउने ।

(७) जनता, सरकार र सेनाबीचको सम्बन्धलाई सुमधुर तथा सुदृढ बनाउने र सुरक्षा चेतना अभिवृद्धिमा योगदान गर्ने ।

(८) राष्ट्रिय सम्पदाको संरक्षणमा आवश्यक सहयोग गर्ने ।

(९) सैनिक प्रविधि र अनुसन्धानको विकास गर्दै गोलीगठ्ठा, विस्फोटक पदार्थ लगायतका सुरक्षा निकायहरूले प्रयोगमा ल्याउने सामग्रीहरूको उत्पादनमा आत्मनिर्भरता बढाउने तथा नेपाली सेनाका लागि आवश्यक हातहतियार लगायतका सामग्रीको नियमित समीक्षा गर्दै आवश्यक सामग्री प्राप्त गर्ने।

(१०) संवेदनशील तथा अन्तर्राष्ट्रिय सीमाक्षेत्र नजिक निर्माण हुने आयोजना एवं विदेशी सहयोगमा निर्माण हुने सामरिक संरचनाको नियमित सुपरिवेक्षण गर्ने ।

(११) मित्रराष्ट्रका सेनाहरूसँग सैनिक सम्बन्ध विकास गर्न सहयोग पुर्‍याउने।

(१२) संयुक्त राष्ट्रसंघ अन्तर्गत विश्व शान्ति स्थापनार्थ योगदान पुर्‍याउने नेपाल सरकारको नीतिलाई सघाउने ।

(१३) नेपालसँग दौत्यसम्बन्ध कायम भएका देशका राजदूतावासका सैनिक

सहचारीहरूले सबै सुरक्षा निकायहरूसँग गर्ने सैनिक महत्त्वका गतिविधि एवं अन्तर्क्रियाहरूको समन्वय रक्षा मन्त्रालय मार्फत गर्ने।

(१४) नेपालको संविधान तथा कानूनबमोजिम नेपाल सरकारले तोकेका अन्य कार्यहरू गर्ने ।

माथि उल्लिखित संवैधानिक, कानूनी एवं राष्ट्रिय सुरक्षा नीतिबाट निर्देशित भूमिका र जिम्मेवारीहरूलाई अक्षरशः पालना गर्ने गरी नेपाली सेनाबाट कार्यसम्पादन हुँदै आएको छ ।

## ३.४ संगठन संरचना :

"नेपाली सेनाको स्वीकृत संशोधित पुनः संरचना-२०७४" अनुसार हाल नेपाली सेनाको संरचनामा प्रधान सेनापतिको कार्यालय, पि.एस.ओज्. कार्यालय, रक्षा समन्वय महाशाखा, जनसम्पर्क तथा सूचना निर्देशनालय, सैनिक सचिव विभाग, सैनिक आर्थिक प्रशासन विभाग, बलाधिकृत विभाग, बलाध्यक्ष विभाग, कार्यरथी विभाग, प्रबन्धरथी विभाग, सम्भाररथी विभाग, निरीक्षणाधिकृत विभाग, इन्जिनियरिङ्ग विभाग, विशेष फौज वाहिनी, ५ वटा मद्दती वाहिनी, ८ वटा पृतना र अन्तर्गत वाहिनी, गण तथा गुल्म लगायत राष्ट्रिय सेवा दल समेत रहेको छ। नेपाली सेनाको संगठन संरचना अनुसूची-२ मा प्रस्तुत गरिएको छ ।

## ३.५ कार्यविवरण :

राष्ट्रिय सुरक्षा नीतिको मूल लक्ष्यअनुरूप राष्ट्रिय हित संवर्द्धन गर्न कटिबद्ध नेपाली सेना देश र जनताप्रति पूर्ण उत्तरदायी, पारदर्शी र बफादार छ । नेपाली सेनाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र समावेशी राष्ट्रिय चरित्रलाई आत्मसात् गर्दै राष्ट्रसेवामा समर्पित सबै दर्जाहरूको योग्यता, पेशागत कार्यदक्षताको आधारमा आफ्नो गतिविधिहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आइरहेको छ ।

## ३.६ जनशक्ति व्यवस्थापन :

नेपाल सरकारको निर्णयबमोजिम नेपाली सेनाको स्वीकृत दरबन्दी संख्याभित्र पर्ने गरी सैनिक ऐन, २०६३, र सैनिक सेवा नियमावली, २०६९ (संशोधन सहित) मा भएको व्यवस्था बमोजिम आवश्यक योग्यता पुगेका उम्मेदवारहरूमध्येबाट स्वच्छ, निष्पक्ष एवं स्वस्थ प्रतिस्पर्धाबाट सबै दर्जाहरूको पदपूर्ति हुँदै आएको छ । यस किसिमको छनौट प्रक्रियाले समावेशीकरणको सिद्धान्तलाई आत्मसात् गरी महिला,

विभिन्न जातजाति, समुदाय, लिङ्ग, धर्म तथा पिछडिएका वर्गहरूलाई प्रचलित कानून र मापदण्डअनुसार नेपाली सेनामा भर्ना हुने उचित मौका प्रदान गर्दै आएको छ ।

सैनिक संस्थाको पेशागत स्तरलाई अभिवृद्धि गर्न विशेषगरी अधिकृत तहको महत्त्वपूर्ण जिम्मेवारी रहने हुँदा अधिकृतहरूको भर्ना, नियुक्ति, पदोन्नति, सरुवा र विदेश तालिमका लागि अवसरहरू प्रदान गर्दा सम्बन्धित व्यक्तिको योग्यता, व्यावसायिक दक्षता, इमान्दारी तथा राष्ट्र र संस्थाप्रतिको योगदानलाई समेत मुख्य आधार मानी तदनुसार गर्ने गरिएको छ ।

## ३.७ तालिम :

सैनिक तालिमको मुख्य उद्देश्य नेपाली सेनालाई प्राप्त जिम्मेवारीहरूलाई सबल, सक्षम र प्रभावकारी ढंगले पूरा गर्न शारीरिक र मानसिक रूपले दक्ष जनशक्ति र नेतृत्व तयार गरी जुनसुकै स्थान र परिस्थितिमा पनि परिचालित भई कार्य गर्नसक्ने सक्षम र पेशेवर सेना तयार गर्नु हो । सेनाको समग्र क्षमता मजबुत बनाउन पेशागत सैनिक तालिम तथा शिक्षालाई थप व्यवस्थित र गुणस्तरीय बनाउन सैनिक तालिम डक्ट्रिन तथा प्रेशीहरू पुनरावलोकन गर्दै एकरूपता कायम हुने गरी विभिन्न विषयहरूमा Master Manual तथा Institutional प्रेशीहरू तयार गरी लागू गरिएको छ ।

नेपाली सेनामा प्रचलनमा रहेको द्विवर्षीय तालिम क्यालेण्डरलाई पुनरावलोकन गरी त्रिवर्षीय तालिम क्यालेण्डर लागू भइसकेको र सबै तहका तालिमहरूको पाठ्यक्रम पुनरावलोकन तथा संचालन प्रणालीमा सुधार गरी आवश्यक र प्रभावकारी रूपमा विभिन्न तालिमहरू सञ्चालन हुँदै आइरहेको छ ।

नेपाली सेनाले विभिन्न मित्रराष्ट्रहरूको सेनाहरूसँग संयुक्त रूपमा सैनिक अभ्यास तथा तालिमहरू सञ्चालन गर्दै आएको छ ।यस क्रममा मित्रराष्ट्र चीनको सेनासँग Ex. Sagarmatha Friendship, मित्रराष्ट्र भारतको सेनासँग Ex-Surya Kiran र मित्रराष्ट्र अमेरिकाको सेनासँग Subject Matter Expert Exchange (SMEE) कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यसैगरी मित्रराष्ट्र बेलायतमा सञ्चालन हुने Exercise Cambrian Patrol मा सन् २०१४ देखि हालसम्म निरन्तर सहभागी भई उत्कृष्ट नतिजा हासिल गर्दै आएकोमा सन् २०१७ र २०१९ मा सर्वोत्कृष्ट नतिजा सहित स्वर्ण पदक प्राप्त गरी अन्तर्राष्ट्रिय जगतमा नेपाल र नेपाली सेनाको पहिचान दिलाउन समेत सफल रहेको छ।



*माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेल नेपाली सेनाको पृतनापति सम्मेलनलाई सम्बोधन गर्नुहुँदै*

नेपाली सेनालाई व्यावसायिक बनाउँदै आधुनिकीकरण गर्ने क्रममा देशभित्र सञ्चालन गरिने विभिन्न तालिमहरूलाई प्रभावकारी बनाउन आवश्यक पर्ने भौतिक पूर्वाधारहरू (तालिम केन्द्र, तालिम सामग्री, तालिम इलाका, फायरिङ्ग रेञ्ज इत्यादि) को विकास तथा विस्तार गर्ने योजनालाई निरन्तरता दिइँदै आएको छ ।

## ३.८ फौजको तैनाथी :

राष्ट्रले दिएको जिम्मेवारीलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नुपर्ने तथ्यलाई मध्यनजर राखी मुलुकका विभिन्न प्रदेश र क्षेत्रलाई समेट्ने गरी पृतना, वाहिनी तथा पदिक गण/गुल्म तैनाथ गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा प्रकृति संरक्षण, विकास निर्माण, महत्त्वपूर्ण संरचनाको सुरक्षा लगायत कार्यका लागि समेत विभिन्न स्थानमा फौजहरू खटाइएको छ । साथै, अति विशिष्ट व्यक्तिहरूको सुरक्षा तथा विश्वका विभिन्न द्वन्द्वग्रस्त स्थानहरूमा अन्तर्राष्ट्रिय शान्ति स्थापनार्थ समेत नेपाली सेनालाई खटाउने गरिएको छ ।

## ३.९ विपद् व्यवस्थापन :

विभिन्न भौगोलिक कठिनाइ, वातावरणीय प्रतिकूलता र सीमित साधन स्रोतको बाबजूद पनि राष्ट्र र जनताप्रतिको समर्पणको भावले गर्दा केन्द्रदेखि स्थानीय तहसम्म नेपाली सेनाले प्राथमिक पहलकर्ता (Primary Responder/One of the Key Responders)

को रूपमा खोज, उद्धार, राहत वितरण तथा अस्थायी पुनर्वास व्यवस्थापनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । विपद् व्यवस्थापनको पूर्व तयारी तथा भविष्यमा आइपर्नसक्ने विपद्को प्रभावकारी व्यवस्थापनका लागि नेपाल सरकारको भूमिकालाई अझ प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता (हवाई, खोज तथा उद्धार, इञ्जिनियरिङ्ग, यातायात, मेडिकल आदि) अभिवृद्धि गर्ने अवधारणाअनुरूप नेपाली सेनाको न्यूनतम विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने योजनालाई प्राथमिकतामा राखिएको छ ।

२०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्पमा नेपाली सेना तत्कालै परिचालन भई सम्पन्न गरेको उदाहरणीय खोज, उद्धार तथा राहत कार्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत उच्च प्रशंसा भएको छ । प्राकृतिक प्रकोपमा सेना परिचालन हुँदाको कठिनाइबाट सिकिएका पाठलाई मध्यनजर राखी खोज तथा उद्धार अपरेसन क्षमता अभिवृद्धिका लागि विपद् व्यवस्थापनसम्बन्धी तालिम प्राप्त दक्ष जनशक्ति उत्पादन गर्ने योजनाअनुरूप गत आ.व.मा करिब १००० भन्दा बढी जनशक्तिलाई विभिन्न तालिमहरू प्रदान गरिएको थियो । २०७५ वैशाख महिनादेखि हरेक प्रदेशमा ३० जनाको संख्यामा विपद् व्यवस्थापनसम्बन्धी उच्चस्तरको तालिम प्राप्त जनशक्ति आवश्यक उपकरण सहित तैनाथ गरिएको र सोहीअनुरूप काठमाण्डौंको सुन्दरीजलमा श्री नं.१ विपद् व्यवस्थापन गण र चितवनको रसौलीमा श्री नं.२ विपद् व्यवस्थापन गण तैनाथ भई कार्य गर्दै आइरहेको छ।

विपद् व्यवस्थापन निर्देशनालय तथा गणहरूको प्राविधिक क्षमतालाई अभिवृद्धि गर्न मुख्य रूपले आवश्यक पर्ने Collapsed Structure Search and Rescue (CSSR) उपकरणहरूलाई प्राथमिकताको आधारमा खरिद गर्रिंदै आएको छ। विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आन्तरिक तालिमहरू बाहेक स्वदेशी तथा विदेशी सम्बद्ध निकायहरूसँग संयुक्त रूपमा Disaster Response Exercise and Exchange (DREE) २०१८, DREE २०१९, एकीकृत अभ्यास "हातेमालो" सामुदायिक विपद् प्रतिकार्य जस्ता तालिम तथा अभ्यासहरू सञ्चालन गरिएको छ।

मिति २०७५ चैत्र १७ गते राती आएको विनाशकारी हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका विभिन्न स्थानहरूमा २७ जना व्यक्तिहरूको मृत्यु भएको तथा शयौं घरहरू पूर्ण रूपमा क्षति भएकोमा मिति २०७५ चैत्र २१ गते बसेको नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले क्षतिग्रस्त घरहरूको पुनर्निर्माणको जिम्मेवारी नेपाली सेनालाई दिने निर्णय भएको थियो । तदनुरूप नेपाली सेनाले मिति २०७६ वैशाख

१० गतेबाट क्षतिग्रस्त घरहरूको पुनर्निर्माणको कार्य तदारुखताका साथ सञ्चालन गरी २०७६ भाद्र १८ गते ८६९ नयाँ घर निर्माण गरी स्थानीय जनतालाई हस्तान्तरण गरिसकेको छ ।

## ३.१० वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण :

नेपाल सरकारको नीतिअनुरूप पर्यावरण तथा वन्यजन्तु संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले नेपाली सेनाले राष्ट्रिय निकुञ्ज, जलाधार तथा वन्यजन्तु आरक्षहरूको सुरक्षामा फौज तैनाथ गर्ने तथा नेपाल सरकारको निर्णय अनुसार प्रकृति संरक्षणको जिम्मेवारी प्रभावकारी तवरमा वहन गर्ने नीतिलाई निरन्तरता दिँदै आइरहेको छ।

नेपाल सरकारबाट प्राप्त प्रकृति संरक्षणको जिम्मेवारी नेपाली सेनाले २०३४ सालदेखि निरन्तर रूपमा निर्वाह गर्दै आइरहेको छ । हाल मुलुकमा रहेको २० संरक्षित क्षेत्रहरूमध्ये १२ वटा राष्ट्रिय निकुञ्ज, १ वटा वन्यजन्तु आरक्ष र १ वटा शिकार आरक्षको सुरक्षार्थ ८ वटा पदिक गण, ७ वटा अनाश्रित गुल्म तैनाथ भइरहेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, प्रकृति संरक्षण शिक्षालय तथा राष्ट्रिय निकुञ्ज/आरक्षहरूको सुरक्षार्थ १५ वटा युनिटहरू गरी जम्मा ८,११७ फौज संरक्षण कार्यमा खटिएका छन् । संरक्षण कार्यमा नेपाली सेनाको करिब ८.५% प्रतिशत फौज तैनाथ भइरहेको छ ।

प्रकृति संरक्षण कार्यमा Spatial Monitoring and Reporting Tool मा आधारित Real Time Monitoring System चितवन राष्ट्रिय निकुञ्ज, बाँके-बर्दिया राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा वन्यजन्तु आरक्ष, शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्षमा प्रयोगमा आइरहेको छ ।

हाल १४ वटा संरक्षित क्षेत्रको सुरक्षाका लागि तैनाथ फौजले सन् २०११, २०१३ र २०१५ गरी तीन वर्ष लगातार प्रभावकारी तरिकाले एकसिङ्गे गैंडाको चोरी शिकार नियन्त्रण गर्न सफल भई Zero Poaching Year मनाएको थियो भने सह्राहनीय कार्य बापत निकुञ्जको सुरक्षामा खटिएको सैनिक फौज पटक-पटक Abraham Conservation Award बाट समेत पुरस्कृत हुँदै आएको छ ।

## ३.११ चुरे भावर संरक्षण कार्य :

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण योजना अन्तर्गत नेपाली सेनाबाट ताल तलैया, सिमसार क्षेत्र र वन तथा पर्यावरण संवर्द्धन एवं संरक्षणको क्रममा नवलपरासी, सप्तरी लगायत सिराहा जिल्लाका विभिन्न स्थानहरूमा विभिन्न प्रजातिका विरुवाहरू वृक्षारोपण

गर्ने कार्य भइरहेको छ । ताल तलैया, सिमसार क्षेत्रको जीर्णोद्धार संरक्षण अन्तर्गत सप्तरी जिल्लाको लोहजारा ताल, सिराहाको कमलदह, बाबा ताल, देवीदह, सुनसरीको बर्जुताल, सर्लाहीको नाडीवन र मलहनिया ताल, रौतहटको बरहवा ताल, कैलालीको कोइलही ताल, रूपन्देहीको गजेडी ताल, बर्दियाको बढैया ताल र धनुषाको धनुषाधाम तालको पुनःनिर्माण गरी सम्बन्धित समुदायलाई हस्तान्तरण गरिसकिएको छ ।

## ३.१२ सैनिक स्वास्थ्य सेवा :

नेपाली सेनामा कार्यरत सबै दर्जाहरूको स्वास्थ्य उपचारका लागि केन्द्रीयस्तरको सुविधा सम्पन्न वीरेन्द्र अस्पताल, छाउनीबाट बहालवाला, अवकाश प्राप्त तथा निजका आश्रित परिवारहरूलाई उपचार सेवा प्रदान हुँदै आइरहेको छ । यसैगरी प्रदेश नं.१ को इटहरी र प्रदेश नं. ५ को नेपालगञ्जमा १/१ वटा फिल्ड अस्पताल सञ्चालनमा रहेको र अन्य ५ वटा पृतनामा General Out-patients Department, प्रत्येक वाहिनी (विशेष फौज वाहिनी बाहेक) अन्तर्गत १/१ वटा फिल्ड एम्बुलेन्स (एफ.ए.) गरी जम्मा १८ वटा फिल्ड एम्बुलेन्स गुल्महरूबाट सम्बन्धित क्षेत्रहरूमा उपचार सुविधा प्रदान गरिँदै आएको छ । नेपाल सरकारको निर्देशनबमोजिम गैर-सैनिक/सर्वसाधारणलाई समेत स्वास्थ्य सेवा उपलब्ध गराउने योजनाअनुसार मिति २०७३ फागुन १५ गतेबाट वीरेन्द्र अस्पताल छाउनीबाट ओ.पि.डि. सेवा प्रदान गरिँदै आएको छ ।

## ३.१३ बृहत् कल्याणकारी कार्यक्रम :

वि.सं. २०३२ सालमा स्थापित सैनिक कल्याणकारी कोषमा २०७६ असार मसान्तसम्म रु ३८ अर्ब ५७ करोड ६० लाख बैंक मौज्दात रहेको छ । कल्याणकारी कोष अन्तर्गतका निकायहरूमा रु. ५ अर्ब ६४ करोड ३० लाख सहित कोषको यथार्थ मौज्दात करिब रु. ४४ अर्ब २२ करोड छ । कल्याणकारी कोषबाट बहालवाला तथा अवकास प्राप्त सैनिक र तिनका आश्रित परिवारलाई स्वास्थ, शिक्षा, सीप विकास, सहुलियतपूर्ण कर्जा लगायत विभिन्न हितकारी कार्यक्रम सञ्चालन हुँदै आइरहेको छ । सैनिक कल्याणकारी कोषबाट हिताधिकारीहरूले प्राप्त गरेको मुख्य मुख्य कल्याणकारी सुविधा तथा बृहत् कल्याणकारी कार्यहरूको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः-

(क) सैनिक कल्याणकारी कोषले भूतपूर्व सैनिक तथा आश्रित परिवारलाई वार्षिक रु.१ लाख १० हजारसम्मको निःशुल्क औषधोपचार सेवा उपलब्ध गराउँदै आइरहेको छ भने गैरसैनिक व्यक्तिहरूलाई समेत निःशुल्क स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराई आएको छ । साथै, हिताधिकारीहरूलाई वार्षिक औषधी उपचारको सीमा रु.१ लाख १०

हजारमा नबढ्ने गरी रु.२५ हजारसम्मको Hearing Aid प्रदान गर्ने व्यवस्था रहेको छ।

(ख) वीरेन्द्र अस्पतालमा क्यान्सर तथा मृगौलासम्बन्धी रोगका बिरामीहरूको उपचारका लागि डायलोसिस मेसिन थप गरी हेमो, केमो र डायलोसिसको सुविधा उपलब्ध गराइएको छ ।

(ग) बहालवाला तथा अवकाश प्राप्त सैनिकका शारीरिक रूपमा फरक क्षमता भएका छोरा छोरीहरूलाई उमेरको हद नलगाई आजीवन स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने गरिएको छ ।

(घ) गम्भीर प्रकृतिको रोग (Life Threatening Disease) लागेको अवस्थामा प्रतिव्यक्ति रु.५ लाख (श्रीमान् र श्रीमतीको मञ्जुरीमा दुईमध्ये १ जनालाई एकमुष्ट रु.१० लाख) सम्मको स्वास्थ्य बीमाको व्यवस्था गरिएको छ ।

(ङ) काठमाडौंको महाकालस्थित भवनको Heritage Building मा कोषका हिताधिकारीहरूका लागि डेन्टल तथा अन्य औषधोपचार सुविधा सञ्चालनमा रहेको छ ।

(च) उपत्यका बाहिरका हिताधिकारीहरूका लागि प्रयोग भएको एम्बुलेन्स र गाडी सेवाका लागि खर्च भएको रकम कल्याणकारी योजना निर्देशनालयबाट सोधभर्ना दिने व्यवस्था रहेको छ ।

(छ) कोषका हिताधिकारीहरूका लागि कोषद्वारा भक्तपुर, धरान, चितवन, पोखरा, सुर्खेत, कैलाली तथा काठमाडौंको बिजेश्वरी र बाँसवारीमा ८ वटा सैनिक आवासीय महाविद्यालय/विद्यालयहरू सञ्चालनमा रहेका छन् ।

(ज) नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान भण्डारखाल, नर्सिङ्ग महाविद्यालय र मेडिकल पोलिटेक्निक महाविद्यालयमा अध्ययनको लागि बहालवाला तथा भू.पू. सैनिकका सन्ततिहरूलाई छात्रवृत्ति प्रदान गरिएको छ।

(झ) कोषको व्ययभारमा १५१६ जनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गर्नुको साथै सकल दर्जाहरूलाई सीपमूलक तथा रोजगारमूलक तालिम प्रदान गरी अवकाशपश्चात् स्वरोजगारीको अवसर सिर्जना गर्न CTEVT बाट सम्बन्धन प्राप्त गरी Vocational Training Institute सञ्चालनमा ल्याइएको छ । साथै, CTEVT बाट सम्बन्धन

प्राप्त गरी लमजुङ जिल्लामा "नेपाली सेना व्यावसायिक कृषि तथा पशुपालन तालिम केन्द्र" (भौतिक संरचना निर्माण भइरहेको) स्थापना भई हाल ४० जना शिक्षार्थीहरूलाई १८ महिना अवधिको PJTA/ VJTA तालिम सञ्चालनमा रहेको छ ।

(ञ) सैनिक कल्याणकारी निवृत्तिभरण तथा विविध सहुलियतः अवकाशप्राप्त सकलदर्जा तथा पारिवारिक निवृत्तिभरणमा रहेकाहरूलाई कोषको तर्फबाट साधारण निवृत्तिभरण, ज्येष्ठ सैनिक निवृत्तिभरण, एकल महिला निवृत्तिभरण, निवृत्तिभरणमा थप सहुलियत, अति ज्येष्ठ मासिक निवृत्तिभरण सहुलियत, विशेष सैनिक मासिक निवृत्तिभरण सहुलियत लगायत क्रियाकर्म अनुदान, आर्थिक राहत कार्यक्रम, परिवार आवास, घडेरी, गेष्ट हाउस, ट्रान्जिट क्याम्प र बिरामी कुरुवा घर, लघुवित्त कर्जा, कल्याणकारी ऋण सहुलियत, सवारी साधन ऋण योजना, कानूनी सहायता र विभिन्न प्राकृतिक प्रकोपसम्बन्धी राहत प्रदान गर्ने व्यवस्था रहेको छ ।

(ट) सहयोगी भत्ता : द्वन्द्वको समयमा घाइते भई सहयोगीको जरूरत पर्ने हिताधिकारीहरूलाई सहयोगी भत्तास्वरूप मासिक रू. १० हजार प्रदान गर्ने व्यवस्था रहेको छ ।

(ठ) पिउने पानीको व्यवस्था र फरक क्षमतालाई सहयोगः नेपाल सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा घोषणा गरेको र भ्रमण वर्षलाई सफल बनाउन हरेक सरकारी तथा गैर-सरकारी निकायले सहयोग गर्नुपर्ने परिप्रेक्ष्यमा नेपाली सेना कल्याणकारी बोर्डले सैनिक कल्याणकारी कोषको छातामुनि रहेर श्री सुन्दरीजल मिनरल वाटर प्लान्टबाट उत्पादित रिपुमर्दिनी ब्रान्डका गुणस्तरीय खानेपानीका बोटल तथा जारहरूको प्रायोजन गरी बजार प्रवर्धन तथा प्रचार प्रसार गर्ने योजना गरेको छ । यसै सिलसिलामा नेपाल पर्यटन बोर्डसँग Official Drinking Water को मान्यता तथा "नेपाल भ्रमण वर्ष २०२०" सचिवालयसँग Promotional Partnership को रूपमा छुट्टाछुटै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कार्यक्रमहरूमा पानी प्रायोजन गर्ने र विज्ञापन गर्ने गरी मिति २०७६/०९/१४ गते समझदारी पत्रमा हस्ताक्षर भएको । उक्त Drinking Water को विक्री वितरणबाट प्राप्त हुने मुनाफा हिताधिकारीहरूको फरक क्षमताका सन्ततिहरूको सेवा-सुविधाका कार्यमा खर्च गर्ने योजना रहेको छ ।

(ड) सहुलियत शैक्षिक कर्जा : शैक्षिक कार्यक्रमहरूको व्यवस्थापन, पहुँच र प्रभावकारिता वृद्धि गर्ने कार्यक्रमहरू तर्जुमा गरी क्रमशः कार्यान्वयनमा ल्याउने योजना बमोजिम बहालवाला तथा अवकाश प्राप्त सैनिकका सन्ततिहरूलाई स्वदेश वा विदेशमा चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, सूचना-प्रविधि, कृषि, पशुविज्ञान तथा वन विज्ञान संकाय स्नातक तहको अध्ययनको लागि "सैनिक सन्तति प्राविधिक शिक्षण सहुलियत कर्जा,२०७५" अधिकतम रु.२५ लाख (प्रभु बैंकको सहकार्यमा ५% ब्याजदरमा) वा तोकिएको शिक्षण शुल्क सहुलियतपूर्ण ब्याजदर वार्षिक ५ प्रतिशतका दरले "सैनिक सन्तति प्राविधिक शिक्षण सहुलियत कर्जा, २०७५" कार्यान्वयनमा ल्याइएको छ । हालसम्म २६६ जनालाई रु. ३६ करोड ३७ लाख कर्जा सिफारिस गरिसकिएको छ ।

(ढ) जापानी भाषा तालिम : पहिलो चरणमा ३८ जना शिक्षार्थीलाई N5 लेभलको जापानी भाषा तालिम प्रदान गरिसकिएको र उक्त ३८ जनामध्ये इच्छुक १७ जना र भू.पू. सैनिकका २ जना सन्तति सहित १९ जनालाई N4 लेभलमा पुनः तालिम प्रदान गर्न र दोस्रो चरणमा नयाँ शिक्षार्थीहरूलाई N5 लेभलको समेत तालिम प्रदान गर्न सम्बन्धित पक्षसँग समन्वय भइरहेको छ।

(ण) उत्कृष्ट भूतपूर्व सैनिक सम्मान : सैनिकहरूले सक्रिय सेवाबाट निवृत्त जीवन स्वदेशमा नै बिताउँदै विभिन्न आयमूलक कार्यहरूमा संलग्न हुँदै समाज, संस्था र राष्ट्रको सेवामा आफूले सक्रिय सैनिक जीवनयापन गर्दा सिकेका अनुशासन, सीप र गुणको प्रयोग गर्दै नेपाल राज्यभित्र बसोबास गर्ने नेपाली सेनाबाट अवकाश प्राप्त गरेका भूतपूर्व सैनिक तथा पारिवारिक निवृत्तिभरणमा रहेका एकल महिला/पुरुषहरूलाई सम्मान गरी अन्यलाई समेत अभिप्रेरित गर्न सम्मान र नगद पुरस्कार प्रदान गर्ने अभिप्रायले जारी गरिएको "उत्कृष्ट भूतपूर्व सैनिक सम्मान कार्यविधि-२०७५" मा आधारित रही "सर्वोत्कृष्ट भूतपूर्व सैनिक सम्मान", "प्रधान सेनापति उत्कृष्ट कृषक सम्मान", "प्रधान सेनापति उत्कृष्ट उद्यमी सम्मान", "प्रधान सेनापति उत्कृष्ट प्राकृतिक प्रकोप उद्धार सम्मान", "प्रधान सेनापति उत्कृष्ट समाज सेवा सम्मान" र "प्रधान सेनापति सफल लघु वित्त उद्यमी सम्मान" विधामा प्रत्येक वर्ष आयोजना हुने "शिवरात्री तथा सेना दिवस" को अवसरमा नगद तथा प्रशंसापत्र प्रदान गरिँदै आएको छ ।

(त) क्षमता अभिवृद्धि : मित्रराष्ट्र भारतको मुम्बईस्थित सांगी ओभरसिजबाट रिपुमर्दिनी अक्सिजन प्लान्टको सञ्चालन सम्बन्धी तालिम लिई आएका प्राविधिक अधिकृत सहितको जनशक्तिहरूबाट २०७६ फाल्गुन महिनाको पहिलो हप्तादेखि शिक्षार्थी संख्या १० सहभागी गराई तालिम सञ्चालन गरिएको छ।

## ३.१४ मानव अधिकार :

मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको संरक्षण र संवर्द्धनमा पूर्णरूपमा कटिबद्ध नेपाली सेनाले यसलाई मूर्तरूप दिन निम्नानुसारको कार्यहरू गरिरहेको छः

(क) नेपाली सेनामा वृत्ति विकासका लागि सञ्चालन हुने गरेका तालिमहरूको अतिरिक्त अधिकृत क्याडेट आधार तालिम तथा सैन्य आधार तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयमा ज्ञान दिलाउने कार्यलाई निरन्तरता दिइएको छ।

(ख) मानव अधिकार निर्देशनालय र International Committee of Red Cross (ICRC) को सहकार्यमा मिति २०७५/०८/२४ गतेबाट ऐ. २८ गतेसम्म नं. १४ वाहिनी अड्डामा २४ जना अधिकृत शिक्षार्थीहरूलाई Advanced Course on International Humanitarian Law तालिम सञ्चालन गरिएको छ।

(ग) मानव अधिकार निर्देशनालयबाट हालसम्म १,८०६ जनालाई LOAC Basic तालिम, ४३५ जनालाई LOAC Advanced तालिम र ३,३३५ जनालाई Gender सम्बन्धी तालिम दिइएको छ।

(घ) हालसम्म विभिन्न युनिट तथा शिक्षण संस्थाहरूमा सञ्चालन भएका तालिमहरूमा सहभागी शिक्षार्थीहरू ५६,५९० जनालाई मानव अधिकार तथा मानवीय कानूनसम्बन्धी विषयमा ज्ञान दिलाउन कक्षा सञ्चालन गरिएको छ ।

(ङ) नेपाली सेनाका हरेक युनिटहरूमा प्रत्येक ३/३ महिनाको कम्तीमा एक पटक मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धी विषयमा कक्षा सञ्चालन गर्ने नीति अनुसार २०७५ कार्तिक महिनाबाट पहिलो चरणको कक्षा सञ्चालन गरी १६,१३८ जनालाई मिति २०७६/०२/१५ गतेबाट दोस्रो चरणको कक्षा सञ्चालन गरी

१३,७९३ जनालाई र मिति २०७६/०५/१५ गतेबाट तेस्रो चरणको कक्षा संचालन गरी १३,६०२ जनालाई गरी हालसम्म ४३,५३३ जनालाई प्रशिक्षित गराइएको छ । मिति २०७६/०८/१५ गतेबाट चौथो चरणको कक्षाहरू संचालन गरी प्रशिक्षित गराउने कार्य भइरहेको छ।

(च) सैनिक ऐन, २०६३ मा उल्लेख भएअनुसार नेपाली सेनाको हरेक सुरक्षा कारबाहीको योजनामा मानवअधिकार/अन्तर्राष्ट्रिय मानवीय कानूनको परिच्छेद समावेश भएको र फौज परिचालन हुनु अगाडि मानव अधिकार तथा मानवीय कानूनसम्बन्धी ब्रिफिङ्ग गर्ने गरिएको छ । सेनाभित्र मानव अधिकार उल्लंघन सम्बन्धमा Zero Tolerance Policy अवलम्बन गरिएको छ ।

## ३.१५ नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य :

"नागरिकहरू बिना बर्दीका सेना हुन्" भन्ने वास्तविकतालाई मनन गरी नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्यमा टेवा पुऱ्याउनका लागि नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्यको स्थापित मान्यता र अवधारणाअनुसार नेपाली जनतालाई तुरुन्त राहत पुग्ने, थोरै श्रम र लगानीबाट धेरै जना लाभान्वित हुने, स्थानीय जनताको सहभागितामा प्रभावकारी योजनाहरू सञ्चालन गर्ने उद्देश्य बमोजिम नेपाली सेनाले स्थानीय तह र आम नागरिकको सहभागितामा विद्यालय भवन निर्माण तथा मर्मत, खेल मैदान मर्मत/निर्माण, खानेपानीको व्यवस्था, पार्क निर्माण, प्रतीक्षालय निर्माण, सडक निर्माण/मर्मत, सार्वजनिक शौचालय निर्माण आदि कार्य समेत गर्दै आइरहेको छ । साथै, आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकहरूका लागि निःशुल्क स्वास्थ्य सेवा, स्थानीय सडक निर्माण तथा मर्मत र नागरिक-सैनिक सम्बन्धलाई थप मजबुत बनाउन विभिन्न जनहितका कार्यक्रमहरूको सञ्चालनलाई निरन्तरता दिइँदै आएको छ ।

नेपाली सेनाको युद्ध बाहेकका सैनिक अपरेशनहरू (Operations Other than War-OOTW) लाई थप प्रभावकारी बनाउने लक्ष्य अनुरूप नागरिक र सेनाबीचको सम्बन्ध अभिवृद्धि गर्नको लागि आर्थिक वर्ष २०७५/७६ मा चरणबद्ध रूपमा पृतना हेड क्वार्टरहरू अन्तर्गतका विभिन्न जिल्लामा कुल ७७ वटा Quick Impact Projects (QIPs) हरू स्वीकृत गरी निम्न बमोजिमका कार्यक्रमहरू निर्माण सम्पन्न भई सरोकारवाला निकायलाई हस्तान्तरण भइसकेको छ।

(क) सार्वजनिक शौचालय निर्माण- २७ स्थान ।

(ख) खानेपानी ट्याङ्की तथा धारा निर्माण- १८ स्थान ।

(ग) पार्क/चौतारा र सार्वजनिक स्थान निर्माण तथा जीर्णोद्धार-११ स्थान ।

(घ) प्रतीक्षालय निर्माण- ६ स्थान ।

(ङ) विद्यालयलाई फर्निचर र शैक्षिक सामग्री वितरण- ५ स्थान ।

(च) सामुदायिक भवन तथा पर्खाल निर्माण- ४ स्थान ।

(छ) विद्यालयको पुनर्निर्माण र रङ्गरोगन- २ स्थान ।

(ज) अन्य विविध निर्माण- ४ स्थान ।

नेपाली सेनाले सञ्चालन गर्ने यस प्रकारका कार्यक्रमहरूलाई आर्थिक वर्ष २०७६/७७ मा केही परिष्कृत गरी स-साना किसिमका कार्यक्रमहरूको बदला विकट क्षेत्रमा बसोबास गर्ने स्थानीय जनताहरूको सामाजिक-आर्थिक स्तर अभिवृद्धि गरी प्रत्यक्ष रूपमा लाभान्वित हुने पूर्वाधार विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

### ३.१६ संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्य :

विश्व शान्तिमा योगदान पुऱ्याउने नेपाल सरकारको परराष्ट्र नीतिलाई सहयोग पुग्ने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका द्वन्द्वग्रस्त मुलुकहरूमा शान्ति सेनामा सहभागिता जनाउने तथा थप मुलुकहरूमा समेत शान्ति सेना फौजको उल्लेख्य उपस्थिति जनाई राष्ट्रिय हितको जगेर्ना गर्ने नीतिलाई निरन्तरता दिँदै आइरहेको छ । हाल विभिन्न १२ वटा मिसनहरूमा करिब ५,१०० जना शान्ति सैनिकहरू कार्यरत रहनुका साथै विश्वसनीय फौज योगदान गर्ने देशको सूचीमा नेपाल पाँचौं स्थानमा रहेको छ । साथै, शान्ति सेनामा महिला सैनिकहरूको उल्लेखनीय सहभागितालाई प्राथमिकतामा राखिएको छ । शान्ति स्थापनाको सिलसिलामा हालसम्म ६५ जना नेपाली सैनिकहरूले वीरगति प्राप्त गरेका छन् भने ६६ जना सैनिकहरू गम्भीर रूपमा घाइते भएका छन् ।

### ३.१७ सैनिक कूटनैतिक सम्बन्ध :

छिमेकी राष्ट्र तथा अन्तर्राष्ट्रिय फोरममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री, नेपाली सेनाका प्रधान सेनापति लगायत उच्च पदाधिकारीहरूबाट समय समयमा हुने औपचारिक भ्रमणहरू तथा विदेशी राष्ट्रका सेनापति एवं उच्च पदाधिकारीहरूको भ्रमणहरूले सैनिक कूटनैतिक सम्बन्धलाई सुदृढ तथा सुमधुर बनाउन योगदान पुऱ्याउँदै

आएको छ । यस क्रममा विगत दुई वर्षमा भएका प्रमुख औपचारिक भ्रमणहरू निम्नानुसार छन्-

(क) संयुक्त राष्ट्र संघद्वारा सदस्य राष्ट्रहरूले विश्व शान्ति स्थापना कार्यमा गरेका योगदानको पुनरावलोकन गर्न तथा UN Peacekeeping Operation का लागि वर्तमान एवं भविष्यको आवश्यकतालाई सम्बोधन गर्न New York मा मिति २०७५/१२/१५ गतेबाट सञ्चालन भएको Peacekeeping Ministerial on Uniformed Capabilities, Performance and Protection Conference मा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको नेतृत्वमा विभिन्न पदाधिकारीहरू सहितको उच्च प्रतिनिधि मण्डल High Level Delegation Team सहभागी भएको ।

(ख) मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको जनमुक्ति सेनाको औपचारिक निमन्त्रणामा प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापासहितको प्रतिनिधि मण्डलले मिति २०७६/०३/०१ देखि ०७ गतेसम्म चीनको भ्रमण गरेको ।

(ग) प्रधान सेनापतिसहितको प्रतिनिधि मण्डलले मिति २०७६/०३/२३ देखि ३१ गतेसम्म संयुक्त राष्ट्र संघको मुख्यालय न्यूयोर्कमा आयोजित कार्यक्रममा नेपाली सेनाको विश्व शान्ति र सुरक्षाप्रति प्रतिबद्धता तथा तयारी सम्बन्धमा UN को उच्च तहलाई स्पष्ट पार्ने काम भएको ।

(घ) भारतीय सेनाका सेनाध्यक्ष General Bipin Rawat को निमन्त्रणामा प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाले मिति २०७५/०९/२८ गतेदेखि मिति २०७५/१०/०१ गतेसम्म भारतको औपचारिक भ्रमण गर्नुभएको । उक्त भ्रमणको दौरान भारतका महामहिम राष्ट्रपति श्री रामनाथ कोविन्दले नेपालका प्रधान सेनापतिलाई मिति २०७५/०९/२८ गते मानको खातिर भारतीय सेनाको अनरेरी जनरल (Honorary Rank of General of Indian Army) प्रदान गर्नुभएको । उक्त भ्रमणबाट नेपाली सेना र भारतीय सेनाबीच स्थापित परम्परागत मैत्रीपूर्ण सम्बन्ध र द्विपक्षीय सहयोगको क्षेत्रलाई थप सुदृढ बनाउन सघाउ पुगेको ।

(ङ) नेपाली सेना तथा मित्रराष्ट्र अमेरिकी सेनाको US Army Pacific Command (USARPAC) सँगको सह आयोजकत्वमा मिति २०७६/०२/०५ गतेदेखि ऐ.१२ गतेसम्म पोखरामा Disaster Re-

sponse Exercise and Exchange (DREE) अन्तर्गत Table Top Exercise (TTX) र Field Training Exercise (FTX) सञ्चालन भएको ।

(च) मित्रराष्ट्र बंगलादेशका सेना प्रमुख General Aziz Ahmed को औपचारिक निमन्त्रणामा प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाले मिति २०७६/०९/२७गतेदेखि मिति२०७६/१०/०१ गतेसम्म बंगलादेशको भ्रमण गर्नु भई द्विपक्षीय सैनिक सम्बन्ध विस्तारका क्षेत्रमा छलफल भएको । साथै, बंगलादेशको सेना प्रमुख General Aziz Ahmed ले २०७६ माघ महिनाको अन्त्यमा नेपालको औपचारिक भ्रमण गर्नुभएको ।

## ३.१८ राष्ट्रिय सेवा दल :

युवाहरूमा राष्ट्र र राष्ट्रियतासम्बन्धी चेतना जगाई असल नागरिक तयार गर्ने, राष्ट्रिय हितप्रति समर्पित र अनुशासित युवा जनशक्ति विकास गरी राष्ट्र निर्माणमा सहयोग पु¥याउने उद्देश्य अनुसार नेपाली सेनाअन्तर्गत वि.सं. २०२२ सालदेखि राष्ट्रिय सेवा दलको कार्यक्रम सञ्चालनमा रहेको छ । हाल राष्ट्रिय सेवा दलको चार वर्षे (२०१९-२०२२) योजनाअनुसार मुलुकका विभिन्न स्थानहरूमा तालिम सञ्चालन गरिएको छ । राष्ट्रिय सेवा दलको तालिमलाई देशभर विस्तार गरी युवा जनशक्तिलाई राष्ट्र र राष्ट्रियतासम्बन्धी समयानुकूल शिक्षा र तालिम दिने सन्दर्भमा देहायबमोजिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन्-

(क) आ.व.२०७५/७६ मा ७,७०४ जनालाई राष्ट्रिय सेवा दलको तालिम दिइएको र हालसम्म ४३,६३२ युवा जनशक्ति उत्पादन भएको । राष्ट्रिय सेवा दलको कार्यक्रमलाई विस्तार गरी देशका ७७ वटै जिल्लामा वार्षिक ७,७०० को संख्यामा तालिम सञ्चालन गर्ने लक्ष्यअनुरूप स्वीकृत संशोधित पुनर्ढाँचा-२०७४ अनुसार राष्ट्रिय सेवा दलको विद्यमान सैनिकतर्फ ३७ जनाको दरबन्दी थप गरी चरणबद्ध रूपमा ३ वर्षभित्र पूरा हुने गरी ३४४ जनाको दरबन्दी कायम गर्ने योजना स्वीकृत भएको र राष्ट्रिय सेवा दलको कार्यालय विस्तार गर्ने योजना मुताबिक आ.व.२०७५/७६ बाट लागू हुने गरी रा.से.द. मुख्यालय - जगन्नाथदेवल, रा.से.द. पूर्वी तालिम शिक्षालय - याङ्गसिला, रा.से.द. मध्य तालिम शिक्षालय - हात्तीखोर, रा.से.द. पश्चिम तालिम शिक्षालय - कोहलपुर र रा.से.द. मध्यपूर्वी तालिम शिक्षालय - महोत्तरी स्थापना भइसकेका छन् ।



*राष्ट्रिय सेवा दलको दीक्षान्त समारोहमा सफल क्याडेटहरूलाई प्रमाणपत्र प्रदान गर्नुहुँदै माननीय उपप्रधानमन्त्री तथा रक्षाा मन्त्री श्री ईश्वर पोखरेल*



*राष्ट्रिय सेवा दलको दीक्षान्त समारोहमा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलका साथ क्याडेटहरू*

(ख) आ.व. २०७६/७७ को वार्षिक कार्यक्रम अनुसार ७७ वटा जिल्लाका ७,७०० जनालाई तालिम संचालन गर्दै आइरहेकोमा थप ३,८५० क्याडेटलाई तालिममा सहभागी गराउने लक्ष्यअनुरूप जम्मा ११,५५० जनालाई आगामी आ.व. मा तालिम गराउने योजना अघि बढाइएको छ ।

## ३.१९ खेलकूद:

नेपाली सेनाले आफ्नो मुख्य जिम्मेवारीको अतिरिक्त राष्ट्रको खेलकूद विकासलाई टेवा पुऱ्याउने उद्देश्य अनुरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागिता जनाउने तथा विभिन्न स्तरका प्रतियोगिताहरू सञ्चालन गर्ने कार्य गर्दै आएको छ । यस क्रममा उत्कृष्ट खेलाडी उत्पादन र राष्ट्रिय कीर्तिमानधारी खेलाडीहरूलाई व्यवस्थापन गर्न एउटा छुट्टै खेलकूद केन्द्रको स्थापना गरी करिव ३३ वटा खेलविधाका खेलाडीहरूलाई प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूमा सहभागी गराउँदै आइएको छ । जसको परिणाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपाली सेनाका अधिकतम खेलाडीहरूको सहभागिता रहनुका साथै सातौं तथा आठौं राष्ट्रिय खेलकूद प्रतियोगितामा नेपाली सेना अन्तर्गतका खेलाडीहरूले लगातार च्याम्पियन हुन सफल भएका छन् । हालै सम्पन्न १३ औं दक्षिण एशियाली खेलकूद प्रतियोगितामा नेपालले प्राप्त गरेको कुल २०६ वटा पदकहरूमध्ये नेपाली सेनाका खेलाडीहरूले २३ स्वर्ण, ३१ रजत र ४९ काँस्य पदक गरी जम्मा १०३ पदक रहेका छन् । नेपालले प्राप्त गरेको पदक संख्याको करिब ५० प्रतिशत पदक ल्याउन नेपाली सेनाका खेलाडीहरू सफल भएका छन्।

नेपाली सेनाले अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिताहरूमा पनि आफ्ना सैनिकहरूलाई सहभागी गराउने उद्देश्यले चीनको Wuhan शहरमा २०१९ को अक्टोबरमा आयोजित International Military Sports Council (CISM) Military World Game मा पहिलो पटक सहभागिता जनाउन पठाएकोमा सैनिक खेलाडीहरूले सन्तोषजनक प्रदर्शन गरेका थिए ।

राष्ट्रिय स्तरमा कुशल खेलाडीहरू उत्पादन गर्न स्वदेशी खेलाडीहरूलाई अन्तर्राष्ट्रियस्तरका खेलाडीहरूसँग प्रतिस्पर्धा गराई उनीहरूको सीप, दक्षता र कौशलको अवलोकन गर्न सहयोग पुऱ्याउन आवश्यक हुन्छ । यसै अनुसार राष्ट्रिय खेलाडीहरूलाई प्रशिक्षित गराउने उद्देश्य अनुरूप नेपाली सेनाले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको आयोजना गर्दै आइरहेको छ । नेपाली सेनाले आयोजना गर्दै आइरहेका प्रमुख अन्तर्राष्ट्रिय प्रतियोगिताहरू निम्न अनुसार रहेका छन्-

(क) COAS अन्तर्राष्ट्रिय एडभेन्चर खेलकूद प्रतियोगिता

(ख) COAS अन्तर्राष्ट्रिय हाइअल्टिच्युड ट्राय एडभेन्चर

(ग) COAS अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता

नेपाली सेना र आम नागरिकबीचको सम्बन्ध सुमधुर तथा अझ बढी प्रगाढ बनाउँदै लैजानुको साथै नेपाली सेनाको तर्फबाट खेलकूद विकासमा थप टेवा पुऱ्याउने उद्देश्यले नेपाली सेनाले हरेक वर्ष प्रधान सेनापति खुल्ला म्याराथन तथा Run for Own Health भव्यरूपमा सफलतापूर्वक सम्पन्न गर्दै आइरहेको छ ।

नेपाली सेनाले आन्तरिक प्रतिस्पर्धाबाट पनि सैनिक खेलाडीहरू उत्पादन गर्ने उद्देश्यले हरेक वर्ष प्रधान सेनापति ट्रफी सञ्चालन गरी विभिन्न विधाका उत्कृष्ट खेलाडीहरू उत्पादन गर्दै आएको छ । नेपाली सेनाका विभिन्न पृतना, वाहिनी, गण तथा गुल्महरूमा रहेका जवानहरूबीच प्रतिस्पर्धा गराई तिनीहरूबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई खेलकूद केन्द्रमा ल्याई थप प्रशिक्षण पश्चात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा सहभागी पनि गराउने गरिएको छ। यी खेलाडीहरूले अन्तर्राष्ट्रिय पदक समेत जित्न सफल भई सिङ्गो नेपाल राष्ट्रको नाम समेत उच्च राख्न सफल भएको हुँदा नेपाली सेनाले राष्ट्रिय खेलकूदमा दिएको योगदान उल्लेखनीय रहेको मान्न सकिन्छ ।

## ३.२० विकास निर्माण आयोजना :

नेपाली सेनाले नेपाल सरकारको निर्णयअनुसार विगतदेखि नै आफूलाई विभिन्न विकास निर्माणका कार्यहरूमा सहभागी गराउँदै आइरहेको छ । नेपालको संविधानको धारा २६७ को उपधारा (४) मा नेपाल सरकारले नेपाली सेनालाई संघीय कानून बमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ भनी उल्लेख भएको छ । तदनुसार राष्ट्रिय महत्त्वका जटिल, ठूला र रणनैतिक महत्त्वका सडक निर्माण, दैवीप्रकोप पीडितहरूको पुनर्वासका लागि घर निर्माण लगायतका कतिपय विकास निर्माणका कार्यहरूमा सरकारले आवश्यकतानुसार नेपाली सेनालाई संलग्न गराउँदै आएको छ । यस क्रममा राष्ट्रको विभिन्न दुर्गम स्थानको विकास निर्माण कार्यमा अग्रणी भूमिका निर्वाह गर्नका लागि खडा भएको इञ्जिनियरिङ्ग विभागको सुपरिवेक्षणमा नेपाली सेनाले निर्माण गर्ने सबै विकास आयोजनाहरू सञ्चालन भइरहेको छ । हालसम्म नेपाली सेनाले २२ वटा आयोजनाहरूमा गरी १०२० कि.मि. दूरीको सडकको निर्माण कार्य सम्पन्न गरिसकेको छ । सोहीबमोजिम विकास निर्माण कार्यलाई प्राथमिकता दिई विभिन्न दुर्गम स्थानहरूमा सडक मार्गको निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यअनुरूप आ.व.२०७५/७६ र आ.व. २०७६/७७ मा निम्नानुसार सडक निर्माण कार्यमा संलग्न भएको छ ।

(क) काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना (७२.५ कि.मि.) : निर्माणाधीन ।

(ख) जाजरकोट-डोल्पा (दुनै) सडक (११७.७७ कि.मि.) : निर्माण सम्पन्न भई सडक विभागलाई हस्तान्तरण गरिसकिएको ।

(ग) कालीगण्डकी करिडोर सडक (८० कि.मि.) : हालसम्म ३७ कि. मि सडक फराकिलो पार्ने कार्य सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिएको।

(घ) कर्णाली करिडोर (खुलालु-लैफु-सिमिकोट खण्ड) सडक (१२३ कि.मि.) : हाल सम्म कुल १११.४ कि. मि सम्पन्न ।

(ङ) गोरखा-आरुघाट-लार्के भञ्ज्याङ्ग सडक (११८ कि.मि.) : हालसम्म कुल २७.२ कि. मि सम्पन्न ।

(च) संखुवासभा-किमाथांका (छ्यामसुर देखि घोङगधपा) सडक (१४ कि.मि.) : पुनः सर्भे गरी डि.पि.आर. तयार गरी सडक निर्माण कार्य २०७६ फाल्गुन पश्चात् सुरु गरी २०७७ फाल्गुनमा सम्पन्न गर्ने योजना रहेको ।

उल्लिखित परियोजनाहरू सम्पन्न भएपश्चात् कुल १५०० कि.मि. भन्दा बढी सडक निर्माण कार्यमा नेपाली सेनाको योगदान रहन जाने देखिन्छ।

परिच्छेद चार

# राष्ट्रिय सुरक्षा परिषद्को सचिवालय

## ४.१ परिचयः

परम्परागत अवधारणामा राष्ट्रिय सुरक्षा भन्नाले राष्ट्रको भौगोलिक अखण्डता र जनताको बाँच्ने तथा समृद्ध हुने अधिकार सुरक्षित गर्नुलाई मात्र बुझिन्थ्यो भने हाल आएर विश्वभरि नै राष्ट्रिय सुरक्षाको सन्दर्भमा विस्तृत अवधारणा र आयामहरूको (Concepts & Dimensions) प्रयोग हुन थालेको पाइन्छ । शीतयुद्धको अन्त्यसँगै विश्वव्यापीकरण (Globalisation) र परम्परागत सुरक्षा अवधारणामा परिवर्तन आउनुको साथै आतंकवाद, प्रविधिको होडबाजी, व्यापारयुद्ध, Cyber Crime, संगठित अपराध, लागूपदार्थको व्यापार, प्राकृतिक तथा मानव सिर्जित विपद् लगायत धार्मिक सामाजिक कारणहरूबाट राष्ट्रहरूले सम्बोधन गर्नुपर्ने सुरक्षा चुनौतीहरू थप जटिल र बहुआयामिक बन्दै गएका छन् ।

नेपालको सन्दर्भमा मुलुकको भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न सहयोग पुर्‍याउने आधारभूत मूल्य र मान्यता (Fundamental Norms and Values) तथा अति महत्त्वपूर्ण राष्ट्रिय हितका विषयहरू (Vital National Intrests) लाई बाह्य वा आन्तरिक दवाबका कारण उत्पन्न हुने चुनौतीहरूबाट सुरक्षित गर्दै ती आधारभूत मूल्य मान्यता तथा राष्ट्रिय हितका विषयहरूलाई संवर्द्धन र प्रवर्द्धन गर्नुलाई सामान्यतः राष्ट्रिय सुरक्षाका रूपमा अर्थ्याउन सकिन्छ।



*सिंहदरबारस्थित राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको भवन*

राष्ट्रिय सुरक्षा सम्बन्धी आइपर्नसक्ने चुनौतीहरूको समयमै आकलन तथा विश्लेषण गरी त्यसको उचित सम्बोधनका लागि नेपाल सरकारलाई सुझाव प्रदान गर्न तथा सुरक्षा र प्रतिरक्षा सम्बन्धी विषयमा आवश्यक सुझाव दिन राष्ट्रिय सुरक्षा परिषद्को भूमिका महत्त्वपूर्ण रहेको छ ।

## ४.२ ऐतिहासिक पृष्ठभूमिः

देशमा बहुदलीय व्यवस्था पुनःस्थापना भएपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ मा पहिलो पटक राष्ट्रिय सुरक्षा परिषद् (रा.सु.प.) को व्यवस्था गरिएको थियो । समग्र राष्ट्रिय सुरक्षाको अवस्थालाई सम्बोधन गर्न तत्कालीन समयमा रा.सु.प.को उच्च भूमिकालाई महसुस गरी परिषद्को कार्य सञ्चालनमा सहजता ल्याउन २०५८ फाल्गुन २७ गते राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको स्थापना भएको हो ।

नेपालको अन्तरिम संविधान, २०६३ मा समेत राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था रहेको थियो । यसमा प्रधानमन्त्री पदेन अध्यक्ष, रक्षामन्त्री र गृहमन्त्री पदेन सदस्य र मन्त्रिपरिषद्मा रहेका राजनैतिक दलहरूमध्ये फरक फरक दलको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेको ३ जना मन्त्रीहरू सदस्य रहने प्रावधान रहेको थियो ।

वि.सं. २०७२ असोजमा संविधान सभाबाट जारी नेपालको संविधानको भाग २८ धारा २६६ मा नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) लाई सिफारिस गर्ने कार्यदिशका साथ राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था भएको छ ।



*राष्ट्रिय सुरक्षा परिषद्को बैठक*

राष्ट्रको आन्तरिक सुरक्षा, प्रतिरक्षा चुनौती एवं तत्सम्बन्धी नीतिहरूलाई उच्च महत्त्व र प्राथमिकतामा राखी वर्तमान संविधानमा उल्लेख भए अनुरूप समसामयिक परिस्थितिलाई समेत मूल्यांकन गर्दै राष्ट्रको शान्ति सुरक्षासँग सम्बन्धित समस्या तथा चुनौतीहरूका साथै राष्ट्रिय सुरक्षा नीति र राष्ट्रिय सुरक्षाका दृष्टिले महत्त्वपूर्ण र संवेदनशील विषयहरूको गहन अध्ययन, अनुसन्धान गरी राष्ट्रिय सुरक्षा परिषद्लाई आवश्यक राय सुझाव तथा सुरक्षा विश्लेषण प्रतिवेदन तयार गर्नका साथै दैनिक प्रशासनिक कार्य सम्पादनमा सहयोग पुर्‍याउन राष्ट्रिय सुरक्षा परिषद्को छुट्टै सचिवालय स्थापना भई कार्यहरू सम्पादन हुँदै आएको छ ।

## ४.३ संवैधानिक व्यवस्थाः

संविधान सभाबाट वि.सं. २०७२ असोजमा जारी भएको नेपालको संविधान अनुसार राष्ट्रिय सुरक्षा परिषद्मा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहने संवैधानिक प्रावधान छ :-

(क) प्रधानमन्त्री -अध्यक्ष

(ख) नेपाल सरकारको रक्षा मन्त्री -सदस्य

(ग) नेपाल सरकारको गृह मन्त्री -सदस्य

(घ) नेपाल सरकारको परराष्ट्र मन्त्री -सदस्य

(ङ) नेपाल सरकारको अर्थ मन्त्री -सदस्य

(च) नेपाल सरकारको मुख्य सचिव -सदस्य

(छ) प्रधान सेनापति, नेपाली सेना -सदस्य

रक्षा मन्त्रालयको सचिवले राष्ट्रिय सुरक्षा परिषद्को सदस्य-सचिव भई काम गर्ने र राष्ट्रिय सुरक्षा परिषद्ले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने तथा राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउने संवैधानिक व्यवस्था छ । राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुने कुरा पनि संविधानमा उल्लेख भएको छ।

## ४.४ संगठनात्मक संरचना र दरबन्दीः

राष्ट्रिय सुरक्षा परिषद्को दैनिक प्रशासनिक कार्य सञ्चालन गर्न तथा परिषद्सम्बन्धी विषयमा आवश्यक समन्वय गर्ने कामको लागि सचिवालयको व्यवस्था रहेको छ । जसमा हाल विभिन्न सुरक्षा निकाय तथा निजामती तर्फको समेत गरी कुल जम्मा ५९

जनाको दरबन्दी रहेको छ । राष्ट्रिय सुरक्षा परिषद्को सांगठनिक संरचना *अनुसूची-३* मा संलग्न गरिएको छ ।

## ४.५ राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको काम, कर्तव्य र जिम्मेवारीहरूः

(क) नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न राष्ट्रिय सुरक्षा परिषद्लाई आवश्यक सहयोग गर्ने ।

(ख) आवश्यकता अनुसार आन्तरिक र बाह्य खतराको मूल्याङ्कन गर्ने ।

(ग) राष्ट्रिय सुरक्षा र प्रतिरक्षाका सम्बन्धमा अनुसन्धानात्मक कार्यपत्रहरू तयार गर्ने ।

(घ) राष्ट्रिय सुरक्षा परिषद्को कामलाई सहजीकरण गर्ने ।

(ङ) राष्ट्रिय सुरक्षा परिषद्को निर्णयहरूलाई कार्यान्वयन गर्ने गराउने ।

(च) विभिन्न मन्त्रालय, सुरक्षा निकाय र अन्य निकायहरूसँग सुरक्षा र प्रतिरक्षासम्बन्धी विषयहरूमा समन्वय गर्ने ।

(छ) आवश्यकता अनुसार विशेषज्ञहरूको कार्यदल गठन गरी सुरक्षासम्बन्धी योजना तयार गर्ने ।

(ज) सुरक्षा, प्रतिरक्षाका साथै राष्ट्रिय महत्त्वका विषयहरूमा गोष्ठी, अन्तर्क्रिया संचालन गर्ने ।

(झ) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सुरक्षा स्थितिको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

## ४.६ कार्य सञ्चालन विधिः

सचिवालयको कार्य सञ्चालन विधि तथा चालु कार्यहरूको विवरण यस प्रकार रहेका छन्-

(१) राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध घटना तथा विषयहरूमा दैनिक रूपमा अनुगमन गर्न अधिकृतको नेतृत्वमा यस सचिवालयमा Situation Center सञ्चालनमा रहेको ।

(२) सबै सुरक्षा निकायहरू तथा विभिन्न स्रोतहरूबाट प्राप्त हुने खबर तथा विविध घटनाहरूको समीक्षा, मूल्यांकन तथा विश्लेषण सहित दैनिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायहरूमा पठाउने गरेको ।

(३) सुरक्षासँग सम्बन्धित तथा समसामयिक र राष्ट्रिय महत्त्वका विषयहरूमा दैनिक छलफल, विषयगत कार्यपत्र प्रस्तुतीकरण एवं विश्लेषण गरी सम्बन्धित निकायहरूमा सुझाव सम्प्रेषण गर्ने गरेको ।

(४) सबै सुरक्षा निकायहरूका प्रतिनिधिहरू सहित Joint Evaluation Committee को बैठक बसी साप्ताहिक खबर विश्लेषण गरी उपयुक्त सुझावहरू सम्बन्धित निकायमा पेश गर्ने गरिएको ।

(५) रा.सु.प.को सचिवालयबाट नियमित तवरमा सुरक्षा विश्लेषण प्रतिवेदनहरू तयार गरी सम्बन्धित पदाधिकारीहरूलाई पठाउने गरिएको छ ।

## ४.७ आर्थिक वर्ष २०७५/७६ मा सचिवालयबाट सम्पन्न मुख्य-मुख्य कार्यहरूको विवरण

राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट सम्पन्न हुने नियमित कार्यहरू बाहेक आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न भएका अन्य कार्यहरू देहाय बमोजिम रहेका छन्-

- सम्माननीय राष्ट्रपतिज्यू समक्ष वार्षिक प्रतिवेदन पेशः नेपालको सविधानको धारा २६६ को उपधारा ३ बमोजिम राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन तयार गरी मिति २०७५/०८/२८ गते पेश गरेको ।
- विधेयक निर्माणमा छलफल एवं सहभागिताः राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार तथा कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तयार गर्न यस सचिवालयको सहभागितामा सरोकारवाला निकायहरूसँग विस्तृत छलफल गरी मिति २०७५/०१/०९ गते सम्बन्धित निकायमा मस्यौदा पेश गरेको।
- मित्र राष्ट्रका सैनिकहरूलाई जानकारी प्रदानः अध्ययन भ्रमणको क्रममा मित्रराष्ट्र बंगलादेशबाट आएको NDC Overseas Study Tour Team लाई मिति २०७६/०४/०६ गते राष्ट्रिय सुरक्षा, राष्ट्रिय सुरक्षा नीति र समसामयिक विषयमा सचिवालयबाट जानकारी प्रदान गरिएको।
- विभिन्न तालिमहरूमा प्रशिक्षण प्रदानः विभिन्न मिति र समयमा नेपाली सेनामा सञ्चालन हुने हायर कमाण्ड तथा म्यानेजमेन्ट तालिम, कमाण्ड तथा स्टाफ तालिम लगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागमा सञ्चालन हुने तालिमहरूमा सहभागी हुने शिक्षार्थी अधिकृतहरूलाई यस सचिवालयबाट राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धमा जानकारीमूलक प्रशिक्षण प्रदान गरिएको ।

➲ वार्षिक उत्सव कार्यक्रमको आयोजनाः यस सचिवालयले मिति २०७५/११/२७ गते आफ्नो स्थापनाको १८ औं वार्षिक उत्सव समारोह सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यू र परिषद्का सदस्यहरूको साथै सुरक्षा निकायहरूका प्रमुखहरू, पूर्व संयोजक तथा सह संयोजक र सुरक्षाविद्हरुको उपस्थितिमा भव्यताका साथ सम्पन्न गरेको ।

## ४.८ विभिन्न कार्यदल तथा समितिमा प्रतिनिधित्व :

(क) "राष्ट्रिय सुरक्षा नीति, २०७३ उच्चस्तरीय परिमार्जन समितिमा सहभागिताः सम्माननीय प्रधानमन्त्री एवं राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूबाट मिति २०७५/०६/०५ मा माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको अध्यक्षतामा ७ सदस्यीय "राष्ट्रिय सुरक्षा नीति, २०७३ उच्चस्तरीय परिमार्जन समिति" गठन भएकोमा सो समितिमा सचिवालयका संयोजक तथा सह-संयोजक सक्रिय रूपमा सहभागी भई सुरक्षा नीति, २०७५ को मस्यौदा तयार गरी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष २०७५ फाल्गुन २० गते पेश भएकोमा राष्ट्रिय सुरक्षा परिषद्बाट अनुमोदन भएपश्चात् नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७५/१२/०४ गते उक्त नीति स्वीकृत भएको ।

(ख) प्रतिरक्षा नीति तयारीमा सहभागिताः राष्ट्रिय सुरक्षा नीति २०७५ नेपाल सरकारबाट स्वीकृत भएको सन्दर्भमा राष्ट्रिय सुरक्षा नीतिको भावना र मर्म अनुरूप हुने गरी प्रतिरक्षा नीतिको मस्यौदा तयार गर्न रक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा गठन भएको समितिमा यस सचिवालयका सह-संयोजक र सहायक संयोजक सहभागी भई उक्त समितिले मिति २०७६/०३/२० गते सो सम्बन्धी मस्यौदा सम्बन्धित निकायमा पेश गरेको ।

(ग) एकीकृत कार्यान्वयन योजनाको मस्यौदा तयारीमा सहभागिताः रक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय सुरक्षा नीति, २०७५ को प्रभावकारी कार्यान्वयनका लागि एकीकृत कार्यान्वयन योजनाको मस्यौदा तयार गर्ने समितिमा सचिवालयका सह-संयोजक र सहायक संयोजक सहभागी भई कार्ययोजना मस्यौदा तयारीमा सहयोग गरेको । सो मस्यौदा मिति २०७६/०९/२९ गते रक्षा मन्त्रालयमा पेश गरिएको ।

(घ) राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयले सम्पादन गर्दै आएको जिम्मेवारीलाई समय सापेक्ष थप प्रभावकारी बनाउनको लागि सचिवालयको हाल भइरहेको संरचनालाई पुनः संरचना गर्न रक्षा मन्त्रालयका सह-सचिवको संयोजकत्वमा मिति २०७५/१२/१७ गते गठित समितिको कार्यदलमा यस सचिवालयका सहायक संयोजक सहभागी भई सचिवालयको सांगठनिक पुनःसंरचना सम्बन्धी प्रस्ताव तयार गरी स्वीकृतिका लागि प्रक्रिया अघि बढेको ।


(ङ) "राष्ट्रिय सुरक्षा सम्बन्धी विधेयक" तर्जुमा गर्न नेपाल कानून आयोगका अध्यक्षको संयोजकत्वमा गठन भएको कार्यदलमा यस सचिवालयका सह-संयोजक सहभागी भई सचिवालयको धारणा र सुझाव उपलब्ध गराइएको ।



*राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको वार्षिकोत्सव समारोह (२०७५ फागुन २७) मा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूका साथ राष्ट्रिय सुरक्षा परिषद्का माननीय सदस्यहरू र सचिवालयका कर्मचारीहरू*


# अनुसूची-१

# रक्षा मन्त्रालयको संगठन संरचना




## अनुसूची-२

# नेपाली सेनाको संगठन संरचना



## अनुसूची-३

# राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयको संगठन संरचना



## अनुसूची-४

# रक्षा मन्त्रीहरूको विवरण

(२००७ साल फागुन ७ गतेदेखि हालसम्म रक्षा मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएका माननीय मन्त्रीज्यूहरूको नामावली)

| क्र.स. | प्रधानमन्त्री/मन्त्रिपरिषद्का अध्यक्ष/ उपाध्यक्ष्यको कार्यकाल | मन्त्रिमण्डल गठन/ पुनर्गठन मिति | रक्षा मन्त्रीको नाम, थर |
|---|---|---|---|
| १ | श्री मोहनसमशेर<br>२००७/११/०७ देखि २००८/०७/३० | २००७ फागुन ७<br>२००८ जेठ | श्री बबर समशेर<br>श्री मोहन समशेर |
| २ | श्री मातृकाप्रसाद कोइराला<br>२००८/०८/०१ देखि २००९/०४/२६ | २००८ मंसिर १ | श्री केशर शमशेर ज.ब.रा. |
| ३ | श्री केशर समशेर<br>२००९/०४/३० देखि<br>परामर्शदात्री सरकार | २००९/०४/३० | श्री केशर समशेर |
| ४ | श्री मातृकाप्रसाद कोइराला<br>२०१०/०३/०४ देखि २०११/११/१९ | २०१० आषाढ ४<br>२०१० फागुन ७ | श्री नारदमुनि थुलुङ<br>श्री केशर शमशेर ज.ब.रा. |
| ५ | सरदार गुञ्जमानसिंह<br>प्रिन्सिपल रोयल एडभाइजर, शाही सल्लाहकार २०१२/०१/०१ | - | - |
| ६ | श्री टंकप्रसाद आचार्य<br>२०१२ /१०/ १३ देखि २०१४/०३/३१ | २०१२ माघ १३ | श्री पुरेन्द्रविक्रम शाह |
| ७ | डा. कुँवर इन्द्रजित सिंह (के आई सिंह)<br>२०१४/०४/ ११ देखि २०१४/०७/१९ | २०१४ श्रावण ११ | श्री पुरेन्द्रविक्रम शाह |
| ८ | अध्यक्ष सुवर्णसमशेर राणा<br>२०१५/०२/०२ देखि २०१६/०२/१२ | २०१५ जेठ २ | श्री पुरेन्द्रविक्रम शाह |
| ९ | श्री विश्वेश्वरप्रसाद कोइराला<br>२०१६/०२/१३ देखि २०१७/०९/०१ | २०१६ जेठ १३ | श्री विश्वेश्वरप्रसाद कोइराला<br>उप-मन्त्री श्री मीनबहादुर गुरुङ |
| १० | डा.तुल्सी गिरी<br>२०१९/०९/१३ देखि २०२१/१०/१२ | २०१७ पौष १३ | डा.तुल्सी गिरी |
| ११ | श्री सूर्यबहादुर थापा<br>२०२१/१०/१३ देखि २०२५/१२/२४ | २०२१ माघ १३<br>२०२२ असार २ | श्री सूर्यबहादुर थापा<br>श्री गिरिप्रसाद बुढाथोकी |

| | | | |
|---|---|---|---|
| १२ | श्री कीर्तिनिधि विष्ट<br>२०२५/१२/२५ देखि २०२६/१२/३० | २०२५ चैत्र २५ | श्री गिरिप्रसाद बुढाथोकी |
| १३ | श्री गेहेन्द्रबहादुर राजभण्डारी प्रथम मन्त्री<br>२०२६/१२/३१ देखि २०२८ चैत्र<br>मसान्तसम्म | २०२६ चैत्र ३१ | श्री गिरिप्रसाद बुढाथोकी |
| १४ | श्री कीतिनिधि विष्ट<br>२०२८/०१/०१ देखि २०३०/०३/३० | २०२८ वैशाख १ | श्री कीतिनिधि विष्ट |
| १५ | श्री नगेन्द्रप्रसाद रिजाल<br>२०३०/०४/१ देखि २०३२/०८/१४ | २०३० साउन १ | श्री नगेन्द्र प्रसाद रिजाल |
| १६ | डा. तुल्सी गिरी<br>२०३३/०५/१७ देखि २०३४/०५/२६ | २०३३ भदौ १७ | डा. तुल्सी गिरी |
| १७ | श्री कीर्तिनिधि विष्ट<br>२०३४/०५/२७ देखि २०३६/०२/१५ | २०३४ भदौ २७<br>२०३६ वैशाख १ | श्री कीर्तिनिधि विष्ट<br>श्रीधर समशेर ज.ब.रा<br>राज्य मन्त्री |
| १८ | श्री सूर्यबहादुर थापा<br>२०३६/०२/१६ देखि २०४०/०३/२८ | २०३६ जेठ १६<br><br><br>२०३७ जेठ १९<br>२०३८ असार २<br>२०३९ असोज २४ | श्री बालाराम घर्ती मगर<br>श्री डिल्लीशेर राई,<br>सहायक मन्त्री<br>श्री सूर्यबहादुर थापा<br>श्री बालाराम घर्तीमगर<br>श्री सूर्यबहादुर थापा |
| १९ | श्री लोकेन्द्रबहादुर चन्द<br>२०४०/०३/२९ देखि २०४२/१२/०७ | २०४० असार २९ | श्री लोकेन्द्रबहादुर चन्द |
| २० | श्री नगेन्द्रप्रसाद रिजाल<br>२०४२/१२/८ देखि २०४३/०३/०१ | २०४२ चैत्र ८ | श्री नगेन्द्रप्रसाद रिजाल |
| २१ | श्री मरिचमान श्रेष्ठ<br>२०४३/०३/०२ देखि २०४६/१२/२ं३ | २०४३ असार २ | श्री मरिचमान श्रेष्ठ |
| २२ | श्री लोकेन्द्रबहादुर चन्द<br>२०४६/१२/२४ देखि २०४७/०१/०५ | २०४६ चैत्र २४ | श्री लोकेन्द्रबहादुर चन्द |
| २३ | श्री कृष्णप्रसाद भट्टराई<br>२०४७/०१/०६ देखि २०४८/०२/१४ | २०४७/०१/०६ | श्री कृष्णप्रसाद भट्टराई |
| २४ | श्री गिरिजाप्रसाद कोइराला<br>२०४८/०२/१५ देखि २०५१/०८/१३ | २०४८ जेठ १५<br>२०४८ पौष १५ | श्री गिरिजाप्रसाद कोइराला |
| २५ | श्री मनमोहन अधिकारी<br>२०५१/०८/१४ देखि २०५२/०५/२६ | २०५१ मंसिर १४ | श्री माधवकुमार नेपाल |

| | | | |
|---|---|---|---|
| २६ | श्री शेरबहादुर देउवा<br>२०५२/०५/२७ देखि २०५३/११/२८ | २०५२ भाद्र २७ | श्री शेरबहादुर देउवा |
| २७ | श्री लोकेन्द्रबहादुर चन्द<br>२०५३/११/२९ देखि २०५४/०६/२० | २०५३ फागुन २९ | श्री लोकेन्द्रबहादुर चन्द |
| २८ | श्री सूर्यबहादुर थापा<br>२०५४/०६/२१ देखि २०५४/१२/२९ | २०५४ असोज २१<br>२०५४ कार्तिक ११ | श्री सूर्यबहादुर थापा<br>श्री फत्तेसिंह थारु |
| २९ | श्री गिरिजाप्रसाद कोइराला<br>२०५४/१२/३० देखि २०५६/०२/१२ | २०५५ वैशाख २ | श्री गिरिजाप्रसाद कोइराला |
| ३० | श्री कृष्णप्रसाद भट्टराई<br>२०५६/०२/१३ देखि २०५६/१२/०७ | २०५६ जेठ १७ | श्री कृष्णप्रसाद भट्टराई |
| ३१ | श्री गिरिजाप्रसाद कोइराला<br>२०५६/१२/०८ देखि २०५८/०४/१० | २०५६ चैत्र ८<br>२०५७ माघ २५ | श्री गिरिजाप्रसाद कोइराला<br>श्री महेश आचार्य |
| ३२ | श्री शेरबहादुर देउवा<br>२०५८/०४/११ देखि २०५९/०६/२४ | २०५८ श्रावण ११<br>२०५८ कार्तिक २ | श्री शेरबहादुर देउवा |
| ३३ | श्री लोकेन्द्रबहादुर चन्द<br>२०५९/०६/२५ देखि २०६०/०२/२० | २०५९ असोज २५<br>२०५९ मंसिर २ | श्री लोकेन्द्रबहादुर चन्द |
| ३४ | श्री सूर्यबहादुर थापा<br>२०६०/०२/२१ देखि २०६१/०२/१९ | २०६० जेठ २८ | श्री सूर्यबहादुर थापा |
| ३५ | श्री शेरबहादुर देउवा<br>२०६१/०२/२० देखि २०६१/१०/१९ | २०६१ जेठ २८ | श्री शेरबहादुर देउवा |
| ३६ | श्री ५ ज्ञानेन्द्रको अध्यक्षतामा मन्त्रिपरिषद् | २०६१ माघ १९ | |
| ३७ | श्री गिरिजाप्रसाद कोइराला<br>२०६३/०१/१२ देखि २०६५/०४/३०<br>अन्तरिम सरकार | २०६३ वैशाख १९ | श्री गिरिजाप्रसाद कोइराला |
| ३८ | श्री पुष्पकमल दाहाल “प्रचण्ड”<br>२०६५/०५/०६ देखि २०६६/०१/२१ | २०६५ भदौ ६<br>२०६५ भदौ १५ | श्री रामबहादुर थापा “बादल” |
| ३९ | श्री माधवकुमार नेपाल<br>२०६६/०२/११ देखि २०६७/०३/१६ | २०६६ जेठ ११ | श्रीमती विद्यादेवी भण्डारी |
| ४० | श्री झलनाथ खनाल<br>२०६७/३/२३ देखि २०६८/०४/२९ | २०६७ असार २३<br>२०६७ चैत्र २८ | श्री झलनाथ खनाल<br>श्री विष्णुप्रसाद पौडेल |

| | | | |
|---|---|---|---|
| ४१ | डा. बाबुराम भट्टराई<br>२०६८/०५/१२ देखि २०६९/११/३० | २०६८ भदौ १२<br>२०६८ भदौ २९<br>२०६८ कार्तिक २<br>२०६८ कार्तिक २२<br><br>२०६९ जेठ ५ | डा.बाबुराम भट्टराई<br>श्री शरत्सिंह भण्डारी<br>श्री विजयकमार गच्छेदार<br>श्री रामवचन अहिर<br>(यादव), राज्यमन्त्री<br>श्री कृष्णप्रसाद सिटौला |
| ४२ | श्री खिलराज रेग्मी<br>२०६९/१२/०१ देखि २०७०/१०/२६<br>(चुनावी मन्त्रिपरिषद्) | २०६९ चैत्र १ | श्री खिलराज रेग्मी |
| ४३ | श्री सुशील कोइराला<br>२०७०/१०/२८ देखि २०७२/०६/२३ | २०७० माघ २८ | श्री सुशील कोइराला |
| ४४ | श्री केपी शर्मा ओली<br>२०७२/०६/२४ देखि २०७३/०४/ १९ | २०७२ असोज २५<br>२०७२ कार्तिक १९ | श्री केपी शर्मा ओली<br>श्री भीम बहादुर रावल |
| ४५ | श्री पुष्पकमल दाहाल “प्रचण्ड”<br>२०७३/०४/२० देखि २०७४/०२/२३ | २०७३ साउन २०<br><br>२०७३ भदौ ९ | श्री पुष्पकमल दाहाल<br>“प्रचण्ड”<br>श्री बालकृष्ण खाँण |
| | श्री शेरबहादुर देउवा<br>२०७४/०२/२४ देखि २०७४/११/०२ | २०७४ जेठ २४<br>२०७४ साउन ११ | श्री शेरबहादुर देउवा<br>श्री भीमसेनदास प्रधान |
| ४६ | श्री केपी शर्मा ओली<br>२०७४/११/०३ देखि हालसम्म | २०७४ फागुन ३<br>२०७४ फागुन १४ | श्री केपी शर्मा ओली<br>श्री ईश्वर पोखरेल |

**साभारः**


१. *श्री भैरव रिसाल/श्री राममणि रिसाल, नेपालका मन्त्रीहरू (परिमार्जित दोस्रो संस्करण, २०६४) (२००७ सालदेखि २०६४ वैशाखसम्म मन्त्रीभएका व्यक्तिहरुको नामावली)*

२. *श्री यम चौलागाई, नेपालका प्रधानमन्त्रीहरू (पाँचौ संस्करण २०७२), ब्रदर बुक्स पब्लिकेशन प्रा.लि., काठमाडौं ।*

३. *मुद्रण विभागबाट प्रकाशित नेपाल राजपत्रहरूका उपलब्ध भएसम्मका विभिन्न अंकहरू ।*

४. *गुगल, विकिपिडिया, नेपालका मन्त्रिमण्डलहरू ।*

### अनुसूची–५

## रक्षा मन्त्रालयका सचिवहरुको विवरण

(वि.सं. २०११ सालदेखि हालसम्म)

| क्र.सं. | पद | नाम,थर | कार्य–अवधि |
|---|---|---|---|
| १ | सचिव | श्री प्रेमनरसिंह प्रधान | २०११/०४/२१ देखि २०१२/०६/२७ |
| २ | सचिव | श्री शोभागजंग थापा | २०१२/०६/२८ देखि २०१७/१०/२५ |
| ३ | सचिव | मे.ज.श्री पदमबहादुर खत्री | २०१७/१०/२६ देखि २०२०/१२/२६ |
| ४ | सचिव | श्री क्षेत्रविक्रम राणा | २०२०/१२/२७ देखि २०२३/०६/११ |
| ५ | सचिव | सरदार श्री विष्णुमणि आचार्य | २०२३/०६/१२ देखि २०२४/०४/१० |
| ६ | सचिव | श्री चित्रबहादुर के.सी. | २०२४/०४/११ देखि २०२६/०५/०३ |
| ७ | सचिव | श्री डि.राज शर्मा | २०२६/०५/०४ देखि २०२९/१२/३१ |
| ८ | सचिव | श्री फडिन्द्रराज हमाल | २०३०/०१/१३ देखि २०३७/१०/२२ |
| ९ | सचिव | श्री नरकान्त अधिकारी | २०३७/१०/२३ देखि २०३९/११/१५ |
| १० | सचिव | श्री शार्दूल शम्शेर ज.ब.रा. | २०३९/११/१६ देखि २०४०/११/१५ |
| ११ | सचिव | श्री मुकुन्द शम्शेर थापा | २०४३/०६/०४ देखि २०४८/०६/०३ |
| १२ | सचिव | श्री रमेशजंग थापा | २०४८/०६/०४ देखि २०५१/०७/२३ |
| १३ | सचिव | श्री सुदर्शनबहादुर थापा | २०५१/०७/२४ देखि २०५२/०५/२० |
| १४ | सचिव | श्री चक्रबन्धु अर्याल | २०५२/०५/२१ देखि २०५६/०१/२२ |
| १५ | सचिव | श्री केशवराज राजभण्डारी | २०५६/०१/२३ देखि २०५७/०७/०१ |
| १६ | सचिव | श्री पदमकुमार आचार्य | २०५७/०७/०२ देखि २०५९/०१/१७ |
| १७ | सचिव | श्री मदनप्रसाद अर्याल | २०५९/०३/१२ देखि २०६०/११/०९ |
| १८ | सचिव | श्री विष्णुदत्त उप्रेती | २०६०/११/१८ देखि २०६४/०२/२७ |
| १९ | सचिव | श्री वामनप्रसाद न्यौपाने | २०६४/०८/०६ देखि २०६५/१२/१२ |
| २० | का.मु.सचिव | डा.गणेशराज जोशी | २०६५/१२/१६ देखि २०६६/०४/११ |
| २१ | सचिव | श्री नवीनकुमार घिमिरे | २०६६/०४/२५ देखि २०६८/१०/२२ |
| २३ | सचिव | श्री माधवप्रसाद रेग्मी | २०६८/१०/२३ देखि २०६९/०४/३२ |
| २४ | सचिव | श्री तिलकराम शर्मा | २०६९/०४/३२ देखि २०७०/०३/०६ |
| २५ | सचिव | श्री आत्माराम पाण्डे | २०७०/०३/१६ देखि २०७०/०८/०२ |
| २६ | का.मु.सचिव | श्री देवेन्द्रप्रसाद सिटौला | २०७१/०१/२२ देखि २०७१/०७/२१ |

| | | | |
|---|---|---|---|
| २७ | सचिव | श्री ईश्वरीप्रसाद पौड्याल | २०७१/११/२७ देखि २०७२/०८/१३ |
| २८ | सचिव | श्री जयमुकुन्द खनाल | २०७२/०८/२० देखि २०७२/१२/२९ |
| २९ | सचिव | श्री महेशप्रसाद दाहाल | २०७३/०१/१५ देखि २०७३/०५/२८ |
| ३० | सचिव | श्री श्रीधर सापकोटा | २०७३/०५/२९ देखि २०७४/०७/१४ |
| ३१ | सचिव | श्री विनोद के.सी. | २०७४/०७/ २२ देखि २०७४/१२/२५ |
| ३२ | सचिव | श्री विष्णुप्रसाद लम्साल | २०७४/१२/२६ देखि २०७५/११/०८ |
| ३३ | सचिव | श्री रेश्मिराज पाण्डे | २०७५/ ११/०९ देखि हालसम्म |

*स्रोतः रक्षा मन्त्रालय*

## अनुसूची–६

# रक्षा मन्त्रालयको सम्पर्क नम्बरहरु

| क्र.सं. | विवरण | टेलिफोन नम्बर |
|---|---|---|
| **सचिवालय** | | |
| १. | माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीज्यूको निजी सचिवालय | ४२११२८८<br>४२११२९५<br>४२११६२७ |
| २. | सचिवज्यूको सचिवालय | ४२११२८९ |
| **महाशाखा** | | |
| १. | प्रशासन महाशाखा | ४२००२४५ |
| २. | योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा | ४२००५८४ |
| ३. | कानून महाशाखा | ४२११४८७ |
| ४. | व्यवस्थापन महाशाखा | ४२११०९५ |
| **शाखा** | | |
| १. | कर्मचारी प्रशासन शाखा | ४२११२८५ |
| २. | शासकीय सुधार तथा मानव संसाधन विकास शाखा | ४२००४०४ |
| ३. | योजना तथा सैनिक कल्याण शाखा | ४२११२८७ |
| ४. | शान्ति सेना समन्वय तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ४२००२४५ |
| ५. | सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा | ४२००२६४ |
| ६. | कानून तथा फैसला कार्यान्वयन शाखा | ४२००२६३ |
| ७. | मानव अधिकार, अनुगमन तथा गुनासो व्यवस्थापन शाखा | ४२००२७१ |
| ८. | आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा | ४२११२७१ |
| ९. | आर्थिक प्रशासन शाखा | ४२११२९०<br>४२११४८६ |
| १०. | खरिद व्यवस्थापन शाखा | ४२११६५३ |



सिंहदरबार परिसरभित्र रक्षा मन्त्रालयको निर्माण सम्पन्न हुन लागेको नयाँ भवन

**नेपाल सरकार**

# रक्षा मन्त्रालय

**सिंहदरबार, काठमाडौं**

**२०७६**